गणतन्त्र दिवस
भव्यरूपमा मनाऔं
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं । सङ्घ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ १४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 27 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६४

## भवन र जनशक्ति अभावमा नारायणी अस्पतालको सेवा प्रभावित

प्रस, वीरगंज, १३ जेठ/

नारायणी अस्पताल वीरगंजको पाँच सय शय्याको भवन निर्माण योजना अहिलेसम्म अदालतमा विचाराधीन छ । गत जेठ ६ गते मुद्दाको पेशी रहे पनि अहिले हेर्दाहेर्दैमा रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चित्तरञ्जन साहले बताए ।


तस्वीर: प्रतीक

अस्पतालमा पाँच सय शय्या निर्माणको लागि शहरी विकास तथा भवन निर्माण कार्यालयले २०७६/१/८ गते पहिलोपटक बोलपत्र आह्वान गरेको थियो । यो बोलपत्रमा ठेकेदार कम्पनीले पेश गरेको कागजातमा भौचरमा नाम फरक भएको भन्दै ठेक्का रद्द गरिएको थियो । र अर्को बोलपत्र आह्वान गरिएको थियो । यसबीचमा ठेकेदार कम्पनीले उच्च अदालतमा रिट दिएको थियो र अदालतले २०७७/७/१७ मा दोस्रोपटकको बोलपत्र आह्वान रद्द गर्न आदेश गरेको थियो ।

यस आदेशविरुद्ध शहरी विकास तथा भवन निर्माण विभागले २०७७/९/२ गते सर्वोच्च अदालतमा निवेदन दर्ता गरेको थियो ।

ठेकेदार कम्पनीले दुई अर्ब रुपियाँको लागतमा ५०० शय्याको अस्पताल निर्माण गर्न ठेक्का सकार गरेको थियो । हाल नारायणी अस्पताल २५० शय्याको स्वीकृत भएर सञ्चालन भएपनि बिरामीको अत्यधिक चापका कारण अहिले ४०० शय्यामा सञ्चालन भइरहेको नारायणी अस्पतालका प्रवक्ता डा उदयनारायण सिंहले बताए ।

भौतिक संरचनामा सुधार नभएका कारण अहिले नारायणी अस्पतालको सेवाप्रवाह प्रभावित हुँदै आएको छ । ५०० शय्याको अस्पताल निर्माण योजनासँगै नारायणी अस्पतालमा निर्मित ५० शय्याको आकस्मिक कक्ष ओझेलमा परेको छ । ५०० शय्याको अस्पताल निर्माण हुने पुरानो महेन्द्र आरोग्य भवनदेखि उत्तरतर्फ ५० शय्याको आकस्मिक कक्ष निर्माण भइसकेको छ तर सञ्चालनमा आउन सकेको छैन ।

बिरामीहरूले बहिरङ्ग सेवाको लागि सडकदेखि पश्चिमपट्टि पुरानो महेन्द्र आरोग्य भवन रहेको परिसरबाट सेवा लिनुपरिरहेको र भर्नाको लागि सडकदेखि पूर्वतर्फ प्रसूति गृहमा जानुपर्ने अवस्था विद्यमान नै छ ।

यसैगरी, औषधिको लागि पनि पूर्वतर्फ प्रसूतिगृहमा जानुपर्ने अवस्था छ । भौतिक संरचना एकै ठाउँमा नहुँदा बिरामीहरूलाई सडकवारिपारि गर्नुपर्ने बाध्यता छ ।

सडकको पूर्वपट्टि पुरानो आकस्मिक कक्षमा भर्ना गर्नुपर्ने, भिडियो एक्स–रे, एक्स–रे, प्रयोगशालाको लागि सडकदेखि पश्चिमतर्फ आउनुपर्ने र फेरि भर्नाको लागि पूर्वपट्टि प्रसूतिगृहमा जानुपर्ने बाध्यता छ । गर्मी र जाडोयाम दुवैमा बिरामीहरूले यो बाध्यता भोग्दै आएका छन् ।

**पाँच वर्षदेखि क्याथ ल्याब सञ्चालनमा आएन**

मुटुरोगसम्बन्धी परीक्षण गर्ने करोडौं मूल्य बराबरको क्याथ ल्याब नारायणी अस्पतालमा पाँच वर्ष बित्न लाग्दा पनि सञ्चालनमा आएको छैन । २०७५ सालमा प्रदेश सरकारले क्याथ ल्याबको लागि २० करोड रुपियाँ विनियोजन गरेर पठाएको र सोको लागि १२ करोड खर्च भएपछि बाँकी रकम फिर्ता गरिएको थियो । अस्पतालका मेसु डा साहले तत्कालीन अवस्थामा क्याथ ल्याब सञ्चालन गर्ने स्थानमा कोरोनाको कारण अन्य काम गर्नुपरेकोले नयाँ भवन निर्माण गरेर क्याथ ल्याब सञ्चालन गर्ने सरकारी नीति रहेको र भवन निर्माण भइरहेको बताए । उनले २०७८ सालदेखि नयाँ भवन निर्माण भइरहेको र यही असार मसान्तमा सम्पन्न हुने सम्झौता रहेको बताए । उनले भवन निर्माणपछि क्याथ ल्याब सञ्चालनमा आउने बताए ।

**बायोमेडिकल इन्जिनीयरको अभाव**

नारायणी अस्पतालमा अहिलेसम्म बायोमेडिकल इन्जिनीयरको दरबन्दी हुन सकेको छैन । बायोमेडिकल इन्जिनीयरको दरबन्दी नहुँदा अस्पतालमा रहेका महँगा उपकरणहरू त्यत्तिकै थन्किएर बिग्रिएका छन् । अस्पतालमा अहिले १५ वटा डायलाइसिस, आइसियू र सिसियू गरी १८ वटा, एनआइसियू/पिआइसियू गरी १८ वटा, सिटी स्क्यान, एमआरआई, युएसपी (भिडियो एक्स–रे), प्रयोगशाला सञ्चालनमा छन् तर बायोमेडिकल इन्जिनीयर नहुँदा ती उपकरणहरू मरम्मतसम्भारको अभावमा थन्किएर बिग्रिरहेको बताए । उनले लाखौं, करोडौं मूल्यका उपकरणहरू मरम्मतसम्भार नहुँदा थन्किएर बिग्रिएको र बायोमेडिकल इन्जिनीयरको दरबन्दी भएको भए मरम्मतसम्भारबाट सञ्चालनमा आउने सम्भावना रहेको बताए ।

**जनशक्ति अभाव, बिरामीको चाप बढ्दै**

नारायणी अस्पतालमा अहिले बिरामीको चाप अत्यधिक छ । २५० शय्याको अस्पताल ४०० शय्यामा सञ्चालन गर्दा पनि दैनिक ५० भन्दा बढी बिरामी शय्या अभावमा फर्कने गरेका छन् । अस्पतालको बहिरङ्ग विभागमा दैनिक १२ सयदेखि १५ सयसम्म बिरामीहरू उपचार गराउन आउँछन् । गर्मीयाममा बिरामीहरूको चाप बढेको र सोअनुरूपको सेवा दिन नसकेको प्रवक्ता डा सिंह बताउँछन् । भौतिक संरचना र जनशक्तिको अभावमा बिरामीहरूलाई आशाप्रदरूपमा सेवा दिन नसकिएको उनी बताउँछन् । नारायणी अस्पतालमा अहिले १९१ जना चिकित्सक, स्वास्थ्यकर्मी र प्रशासनिक कर्मचारीहरूको दरबन्दी छ । तर यस दरबन्दीमा केवल १३४ जना मात्र कार्यरत छन् । अस्पताल विकास समितिबाट ९२ जना र दैनिक ज्यालादारीमा १३८ जना कार्यरत छन् । यो जनशक्ति पनि मौजूदा अस्पतालको बिरामी सङ्ख्याको तुलनामा कम भएको मेसु डा साह बताउँछन् ।

## ह्याकर सक्रिय
## सावधानी अपनाउन प्रहरीको आग्रह

प्रस, वीरगंज, १३ जेठ/

केही दिनदेखि वीरगंजलगायत आसपासका व्यक्तिहरूको खाताबाट लाखौं रकम ह्याकरले चोर्न थालेपछि जिल्ला प्रहरी कार्यालय, पर्सामा उजूरीको चाङ लाग्न थालेको छ भने साइबर सेलले उजूरीमाथि छानबीन शुरू गरेको छ ।

सूचनाको आधारमा केही व्यक्तिहरूको पहिचान खुलेपछि उनीहरू अहिले सम्पर्क बाहिर रहेका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले बताए । ह्याकरहरूको पहिचान खुलेपछि उनीहरूले मोबाइल फोन अफ गर्दा पक्राउ गर्न समस्या भएको प्रउ ढुङ्गेलले बताए ।

खल्ती, ईसेवालगायतका वालेट खाताबाट ह्याकरहरूले रकम चोर्ने गरेको पीडितहरूको भनाइ छ । घण्टाघरस्थित पोखरिया मनी ट्रान्सफरका सञ्चालक मनिर आलमले आफूले थाहा नै नपाई आफ्नो खाताबाट चार दिनअघि ४० हजार रुपैयाँ ट्रान्सफर भएको बताए । बिहान मोबाइल खोल्दा अचानक डिभाइस रिसेटको माग भएको र पछि लगइन गर्दा ४० हजार रकम खाताबाट ट्रान्सफर भएको उनले बताए । दुई दिनअघि उनको मोबाइल चोरी भएको र सोही मोबाइलको सिमबाट प्राइम बैंक चितवन शाखामा ह्याकरले रकम पठाएको आलमले बताए ।




त्यस्तै, वीरगंजको नगवा निवासी कुशवाहा थर भएका एकजना व्यक्तिको खाताबाट नौ हजार रकम गायब भएको छ । कनेक्ट आइपिएसमार्फत ह्याकरले कुशवाहाको रकम ट्रासफर गरेको बताइन्छ । मोबाइलमा नोटिफिकेशन आएपछि पैसा गायब भएको आफूलाई थाहा भएको उनले बताए । उनको खातामा नौ हजार पाँच सय रकम रहेको र पाँच सयबाहेक सबै रकम खाताबाट ह्याकरले चोरी गरेको थियो ।

यस्ता धेरै उजूरी पर्सा प्रहरीमा पर्न थालेपछि अहिले प्रहरी ह्याकरको खोजीमा लागेको जिप्रका, पर्साले जनाएको छ ।

## अदालती आदेशको पाँच महीनापछि जमुनिया खोलामा ठेक्का लाग्यो, त्यसमा पनि विवाद

प्रमोद/नरेश यादव, १३ जेठ/

नदीजन्य पदार्थ उत्खननको विषयलाई लिएर सखुवाप्रसौनी र पटेर्वासुगौली गाउँपालिकाबीचको द्वन्द्व जारी छ । पटेर्वासुगौली गापाले जमुनिया नदीमा नदीजन्य पदार्थ उत्खननको लागि यसअघि ठेक्का लगाउँदा सखुवाप्रसौनी गापा सोविरुद्ध उच्च अदालतमा पुगेको थियो ।



सखुवाप्रसौनी गापाको मुद्दामा शुरूमा उत्प्रेषण आदेश जारी भएपनि पछि माघ १९ गते अदालतले पटेर्वासुगौली गापालाई जमुनिया नदीको आफ्नो क्षेत्रमा ठेक्का लगाउन आदेश दिएको थियो । पटेर्वासुगौली गापाले वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेको र सोअनुरूप सो गापाले आफ्नो क्षेत्रमा पर्ने जमुनिया नदीमा नदीजन्य पदार्थ उत्खनन गर्न ठेक्का आह्वान गरेको थियो । अदालतको आदेशको लगभग पाँच महीनापछि मात्र पटेर्वासुगौलीले ठेक्का लगाएको छ ।

यही जेठ ९ गते पटेर्वासुगौलीले आफ्नो क्षेत्रमा पर्ने जमुनिया नदीमा बालुवा, गिट्टी उत्खननको लागि जेठ मसान्तसम्मको ठेक्का लगाएको छ । २३ दिनको ठेक्काको लागि पटेर्वासुगौली गापाले ७७ हजार ४०५ घनफिट उत्खनन गर्न पाउने गरी चार लाख ११ हजार रुपैयाँमा ठेक्का लगाएको इन्जिनीयर निर्मल सिंहले बताए । शिवशक्ति निर्माण सेवा धोबिनी–१ ले ठेक्का पाएसँगै उत्खननको काम शुरू गरेको छ ।

(बाँकी पाँचौं पातामा)

## तीन दिन तातो दिन र तातो लहरसँगै प्रचण्ड गर्मी बढ्ने

प्रस, सेढवा, १३ जेठ/

अत्यधिक गर्मी तथा टन्टलापुर


तस्वीर: प्रतीक

घामका कारण दैनिक पठनपाठनमा नराम्रो असर परेको छ । केही दिनदेखि हावा नचल्दा गर्मीले उकुसमुकुस भएपछि विद्यार्थी तथा शिक्षकहरू कक्षाकोठामा बस्न सकेका छैनन् ।

बिहान ७ बजेदेखि नै कक्षाकोठामा बस्दा गर्मी र पसिनाले भिज्ने गरेको विद्यार्थीहरूले बताए ।

जीराभवानी गाउँपालिका–१ स्थित शिवशक्ति प्रावि शान्तिनगरका प्रधानाध्यापक रविमोहन सापकोटाले पानी नपरेको र हावा नचलेकोले अत्यधिक गर्मी भएर कक्षा सञ्चालन गर्न कठिनाइ भएको बताए । विद्यालयमा पङ्खाले पनि तातो हावा दिने गरेको कारण शिक्षक तथा विद्यार्थीहरू पसिनाले निथ्रुक्कै भिज्ने गरेको उनले बताए । प्राविमा अध्ययनरत ससाना नानीहरू पसिनाले भिज्दा जोखिम बढिरहेको प्रअ सापकोटाले बताए ।

पटेर्वासुगौली गापा–५ स्थित नेरामावि निचुटाका प्रधानाध्यापक श्याम घिमिरेले एउटा कक्षामा एक सयभन्दा बढी विद्यार्थी भएकाले सहनै नसक्ने गर्मी हुने

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

जो सम्मान पाएर कहिल्यै गर्व गर्दैनन्, अपमानबाट क्रोधित हुँदैनन्, क्रोधित भएपनि कठोर वचन बोल्दैनन्, वास्तवमा यस्तै मानिस सबैभन्दा श्रेष्ठ हुन् ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सर्पदंश र जोगिने उपाय

गर्मी र वर्षात्को मौसममा सर्पदंशका घटनाहरू बढी हुने गर्छन् । साँपको रगत चीसो हुने हुँदा यसले गर्मी र उकुसमुकुस सहन सक्दैन र यस्तो मौसममा बाहिर खुलामा निस्कने गर्छ । सर्पले कसैलाई डस्दैन तर उसले आफ्नो ज्यानमाथि खतरा महसूस गरेपछि डस्न पनि छाड्दैन । अँध्यारोमा आवश्यक उपकरणविना बाहिर निस्कँदा सर्पदंशका घटना हुने गर्छन् । मानिसको खुट्टा सर्पमा पर्दा वा अन्य कुनै कारणले उसले आफ्नो ज्यानमा खतरा देख्यो भने डस्छ । साँप सबै विषालु पनि हुँदैनन् । साँप देख्यो कि मारिहाल्नुपर्छ भन्ने आम सोच विद्यमान छ । तर साँप मित्रजीव हो भन्ने कुरा पनि हामीले बिर्सनुभएन । हामीबाट उसलाई जान अनजान हानि नपुगोस् भन्नेतर्फ भने ध्यान दिन जरुरी छ । साँप प्रायः अँध्यारो, ओसिलो, खरपात, ओसिएको पराल, पोखरीको डिल अनि काठपातबीच बस्न मन पराउँछ । यस्तो ठाउँमा जाँदा सावधानी मात्र अपनाउने हो भने साँपको टोकाइबाट जोगिन सकिन्छ । साँप प्रायः जमीनमा बस्ने हुँदा यसले खुट्टामा टोक्छ र साँप बसेको ठाउँमा हातले कुनै काम गर्दा हातमा टोक्छ ।

साँपले टोकेपछि मानिस आत्तिनु स्वाभाविकै हो । तर यसरी आत्तिने क्रममा रगत प्रवाहमा असामान्य वृद्धि हुन्छ र साँपको विष शरीरमा छिटै फैलिने खतरा हुन्छ । साँपले टोकेमा त्यसविरुद्ध प्रयोग हुने एन्टिस्नेक भेनम औषधि पनि साँपकै विषबाट बन्छ । चिकित्सकको भनाइ अनुसार जुन जातको साँपले टोकेको छ, त्यसैको विषबाट बनाइएको एन्टिभेनम छ भने सामान्य मात्राको औषधिले पनि विष झर्छ । अरू एन्टिभेनम पर्‍यो भने बढी मात्रामा औषधि दिनुपर्छ । तर हामीकहाँ भने एकै खालको एन्टिभेनम औषधि प्रयोग हुने गरेको छ । जसले गर्दा कहिलेकाहीं एउटै मानिसलाई कैयौं मात्रा दिनुपर्ने हुन्छ र अस्पतालहरूमा जहिले पनि यो औषधिको अभाव हुन्छ ।

साँपले टोकेपछि उपचार त आवश्यक पर्छ नै तर सामान्य सावधानी अपनाउने हो भने सर्पदंशबाट जोगिन पनि सकिन्छ । साँप बस्ने ठाउँमा नजाने र जानै परे लामो जुत्ता लगाएर जाने, काठपात वा परालमा ङ्वाट्ट हात हाल्नुको साटो लौरोले चाहिनेजति झिकेर अनि मात्र हात लगाउने । यस्ता कुराको परामर्श गाउँघरमा बूढापाकाले दिँदै आएका पनि छन् । यसलाई अहिले विभिन्न सङ्घसंस्थाहरूमार्फत पालिका, वडापालिकाहरूले प्रचारप्रसार गर्दा साँपको टोकाइबाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ । गाउँघरतिर रातबिरात हिंड्दा लौरो जमीनमा बजार्दै, जुत्ता, चप्पल फटकार्दै हिंड्दा पनि सर्पदंशबाट जोगिन सकिन्छ । साँपले जमीनमा कम्पन महसूस गरेर कसैको उपस्थिति थाहा पाउने गर्छ ।

हामीकहाँ अहिले पनि खुला शौच गर्ने परिपाटी हटिसकेको छैन । खुला शौच गर्ने बानीले गर्दा मानिस झ्याङ, असुरक्षित बाटो भएर, जुन ठाउँमा सर्प बस्न मन पराउँछ, हिंड्छ र प्रायः नाङ्गो खुट्टा हिंड्छ । यस्तो अवस्थामा रातिको बेला मानिसको खुट्टा सर्पमा पर्‍यो भने उसले प्रत्याक्रमण गर्छ । पर्साका ग्रामीण क्षेत्र र त्यसमा पनि ठोरी, जीराभवानीमा सबैभन्दा बढी सर्पदंशका घटनाहरू हुने गरेका छन् । चार वर्ष अघि सर्पदंश उपचार केन्द्र स्थापनापछि सर्पदंशका घटनाहरूबाट मानिसको मृत्यु हुने क्रम धेरै न्यून भएको छ । त्यस अघि वीरगंज, जीतपुर पुर्‍याउँदा मानिसहरूको अकालमा मृत्यु हुने गरेको थियो । सबैभन्दा बढी सर्पदंश हुने स्थानमा उपचार केन्द्र स्थापनाले स्थानीयलाई राहत दिएको छ । सर्पबारे व्यापक जनचेतना विस्तार गरी सम्भावित जोखिमबाट बच्न सकिन्छ ।

# विद्यार्थीहरूका लागि स्वाध्याय किन आवश्यक छ

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**अध्ययनको सरल अर्थ हो– पढ्नु । व्यापक अर्थमा अध्ययनको सम्बन्ध मात्र किताब पढ्नुहुँदैन । तपाईंले एउटा व्यक्तिले गर्ने व्यवहारको अध्ययन गर्न सक्नुहुन्छ । पुतलीले गर्ने गतिविधिको अध्ययन गर्न सक्नुहुन्छ । तपाईं पर्यावरणको अध्ययन गर्न सक्नुहुन्छ । पर्यवेक्षण पनि एक प्रकारको अध्ययन नै हो ।**

नेपाली परिवेशमा परीक्षामा बढी अङ्क कसरी ल्याउन सकिन्छ भन्ने विषयमाथि लामो अध्ययनपश्चात् मैले के पाएँ भने स्वाध्याय विद्यार्थीहरूको लागि अति नै आवश्यक रहेको छ । स्वाध्यायको अभावले गर्दा नै विद्यार्थीहरू परीक्षामा बढी अङ्क ल्याउन सकिरहेका छैनन् । स्वाध्याय भनेको कसैको सहयोगबेगर आफूले सिक्ने प्रक्रिया हो, जसले विद्यार्थीहरूको बुझाइलाई स्पष्ट पार्छ । यो जुनसुकै ठाउँमा जुन बेला पनि गर्न सकिन्छ । यसले विद्यार्थीहरूलाई कल्पनाशील बनाउँछ । उनीहरूलाई आफ्नो जिम्मेवारीप्रति स्वतन्त्रतापूर्वक लाग्न सिकाउँछ र शिक्षकबेगर पनि रुचि अनुसारका क्षेत्रहरूको पहिचान र खोज गर्न प्रेरित गर्छ ।

यस आलेखमार्फत अध्ययन सम्बन्धमा गरिएको शोधबाट प्राप्त आफ्ना अनुभवहरूलाई विद्यार्थीसमक्ष प्रस्तुत गरिएको छ । यदि अध्ययन प्रक्रियामा यसलाई समावेश गर्नुभयो भने यो सबैका लागि धेरै लाभदायी हुनेछ । अध्ययन सम्बन्धमा विन्स्टन चर्चिलले एकपटक भनेका थिए– म सधैं सिक्न चाहन्छु तर मलाई सधैं पढाइयोस् भन्ने चाहँदिनँ । यसैगरी, मैल्कम फाब्सले "अध्ययनको उद्देश्य खाली मस्तिष्कको ठाउँमा खुल्ला मस्तिष्क निर्माण गर्नु हो" भनेका थिए । त्यहीं रैल्फ वाल्डो इमर्सनले भनेका छन्– विद्यालयमा जे कुरो पढाइन्छ, त्यो ज्ञान होइन, ज्ञानको माध्यम मात्र हो । यहाँ भन्न के खोजिएको हो भने तपाईंको मस्तिष्कमा कुनै किताबलाई किन पढिरहेको छु भन्ने कुरा स्पष्ट हुनुपर्छ ।

तपाईं यस आलेखलाई पढिरहनुभएको छ । यसको अर्थ के हो भने तपाईं अध्ययन गर्न रुचाउनुहुन्छ तर अध्ययन गर्नु एउटा "कला" पनि हो भन्ने कुरा तपाईंलाई कसैले भनेको छ वा छैन भन्ने कुरा मलाई थाहा छैन । अध्ययन गर्नु "कला" मात्र हैन, "विज्ञान" पनि हो । मैले जति विद्यार्थीहरूसँग यस सम्बन्धमा कुरा गरेको छु, सबैले मलाई निराश नै गरेका छन् किनभने उनीहरूको जवाफ थियो, "हामी पढ्ने गर्छौं । यसमा बुझ्ने कुरा के नै छ र ?"

प्रायः हामी सबैले "कला" र "विज्ञान"लाई बेग्लाबेग्लै विषय ठान्छौं तर मेरो गहिरो अध्ययनले के देखाएको छ भने यी दुईटै विषय एउटै सिक्काका दुईवटा पाटा हुन् । कलाको अर्थ हो, कुनै पनि कामलाई राम्रो तरीकाले गर्ने जानकारी । जस्तै, हामी सबै गीत गुनगुनाउँछौं तर जुन बेला गाइने कलाको ज्ञान प्राप्त हुन्छ, हामी "गायक" कहलिन्छौं । हामी सबै केही न केही खेल खेल्छौं तर जब राम्ररी खेल्न थाल्छौं, हामी खेलाडी कहलिन्छौं । हामी सबै पढ्छौं तर के हामी यो भन्न सक्दैनौं, जुन बेला हामी राम्ररी पढ्छौं भने परीक्षामा राम्रो अङ्क पनि प्राप्त गर्न सक्छौं ।

विज्ञान के हो ? ज्ञानको व्यवस्थित रूप नै विज्ञान हो । वैदिक ग्रन्थमा विज्ञानलाई व्यावहारिक ज्ञान (एप्लाइड नलेज) भनिएको छ । अर्थात् प्राप्त ज्ञानलाई जुन बेला हामी प्रयोगमा ल्याउन थाल्छौं, त्यो विज्ञान हुन्छ । विज्ञान भनेको रसायन, भौतिक वा जीव विज्ञान मात्र होइन । विज्ञानको अर्थ धेरै व्यापक छ । जुन ठाउँमा एउटा निश्चित व्यवस्था हुन्छ, त्यहाँ विज्ञान हुन्छ । अर्थात् हाम्रो जीवन पनि एउटा विज्ञान हो किनभने सास फेर्नु, भोक लाग्नु, खाना खानु, आराम गर्नु, राति सुत्नु यी सबै जीवनका व्यवस्थित रूप हुन् ।

प्रकृति र जीवनमा घट्ने सबै खाले घटनाहरू एउटा निश्चित वैज्ञानिक नियम अनुसार नै हुने गरेका छन् भने अध्ययन गर्नु कसरी विज्ञानबाहिरको विषय हुन सक्छ ? यो त विज्ञानको पनि विज्ञान अर्थात् अद्भुत विज्ञान हो । अद्भुत यस कारणले हो किनभने हामी पहिला किताब पढ्छौं । त्यसपछि पढिएका कुराहरूको चित्र मस्तिष्कमा बन्छ । तत्पश्चात् मस्तिष्कले त्यसको सम्पादन गर्छ । कहिलेकाहीं त मस्तिष्कले त्यसमा आफ्नो कुरालाई समावेश गरी त्यसको रूप नै परिवर्तित गरिदिन्छ । एउटा निश्चित अवधिसम्म त्यसलाई आफ्नो मस्तिष्कमा नै राख्छ । केही समयपश्चात् त्यसमध्ये केहीलाई नष्ट पनि गरिदिन्छ तर कहिलेकाहीं यस्तो पनि हुन्छ, जरुरी परेको बेला पुनः त्यसलाई खोजेर हामीलाई सुम्पिन्छ पनि ।

यहाँ तपाईंले यसको तुलना कम्प्युटरमा हुने प्रक्रियासँग पनि गर्न सक्नुहुन्छ । तपाईंले कम्प्युटरमा जे टाइप गर्नुहुन्छ, त्यो "मेमोरी"मा जान्छ । त्यसपछि तपाईंले त्यसलाई "एडिट" गरेर त्यसलाई "सेभ" गर्नुहुन्छ । जुन बेला तपाईंलाई त्यसको आवश्यकता पर्छ, त्यस "फाइल"लाई खोजेर पुनः "स्क्रीन"मा ल्याउनुहुन्छ । मेरो प्रश्न तपाईंहरूसँग के छ भने यदि कम्प्युटर विज्ञान हो भने के हाम्रो मस्तिष्क विज्ञान हुन सक्दैन ? मस्तिष्क भनेको एउटा विलक्षण कम्प्युटर हो । यो त कम्प्युटरको पनि कम्प्युटर हो । यस कारण मैले अध्ययनलाई "विज्ञानको विज्ञान" भनेको हुँ ।

अध्ययन विज्ञान मात्र होइन किनभने अध्ययन गर्ने तरीका विद्यार्थीपिच्छे बदलिन्छ । विज्ञानमा यस्तो हुँदैन । विज्ञानको निष्कर्ष सधैं एकनासको हुन्छ तर अध्ययनको हुँदैन । स्वामी विवेकानन्दका लागि कुनै किताबलाई एकपटक पढ्नु नै पर्याप्त थियो तर आम विद्यार्थी त्यसलाई कैयौंपटक पढेर पनि याद राख्न सक्दैनन् । यस कारण अध्ययन कला पनि हो । कुनै कामलाई गर्ने नियम एकनासको भए तापनि गर्ने तरीका जब विद्यार्थीपिच्छे फरक भएमा त्यो प्रक्रिया कला बन्छ । अर्थात् "कसरी हुन्छ" भन्ने कुरा विज्ञान हो भने "कसरी गरिन्छ" भन्ने कुरा कला हो ।

अध्ययनको एउटा निश्चित वैज्ञानिक पद्धति हुन्छ तर जुन बेला यस पद्धतिको उपयोग गरिन्छ, विद्यार्थीपिच्छे फरकफरक परिणाम देखा पर्छ । भन्न के खोजिएको हो भने पढ्ने पद्धति एउटा हुन्छ भने पढ्ने विद्यार्थी एकनासका हुँदैनन् । प्रकृतिले हरेक विद्यार्थीलाई हरेक दृष्टिकोणले फरक बनाएको छ । हरेकको रुचि फरक छ । हरेकको मानसिक र शारीरिक क्षमता पनि फरक हुन्छ । हरेकको परिस्थिति र वातावरण फरक छ । यस कारण अध्ययनको नियम एक भए तापनि परिणाम बेग्लाबेग्लै प्राप्त हुन्छ ।

विद्यार्थीहरूले अध्ययनको कलालाई बुझ्न सके भने राम्रो परिणाम हासिल गर्न सक्छन् । यदि कुनै कामलाई व्यवस्थित तरीकाले गरियो भने परिणाम पहिलाभन्दा राम्रो हुन्छ भन्ने प्रकृतिको नियम हो । जस्तै रूखलाई यदि व्यवस्थित तरीकाले रोपियो र त्यसको उचित तरीकाले स्याहारसुसार गरियो भने ती रूखहरू ठूलो व्यास भएको लामो रूखमा छिट्टै परिणत हुन्छन् ।

अध्ययनको सरल अर्थ हो– पढ्नु । व्यापक अर्थमा अध्ययनको सम्बन्ध मात्र किताब पढ्नुहुँदैन । तपाईंले एउटा व्यक्तिले गर्ने व्यवहारको अध्ययन गर्न सक्नुहुन्छ । पुतलीले गर्ने गतिविधिको अध्ययन गर्न सक्नुहुन्छ । तपाईं पर्यावरणको अध्ययन गर्न सक्नुहुन्छ । पर्यवेक्षण पनि एक प्रकारको अध्ययन नै हो । तर हामी यहाँ जुन कुरोको चर्चा गर्दैछौं, त्यसको सम्बन्ध पुस्तक अध्ययनसँग नै रहेको छ तर व्यापकतामा अध्ययनको अर्थ कुनै कुराको जानकारी प्राप्त गर्नु हो । त्यो जानकारी पुस्तक पढेर प्राप्त गर्न सकिन्छ, सुनेर वा हेरेर पनि हासिल गर्न सकिन्छ । यसको अर्थ के हो भने जुनसुकै बेला तपाईं अध्ययनरत हुनुहुन्छ । यस कारण के भन्न सकिन्छ भने हेरेर, सुनेर, पढेर, सिकेर, सोचेर, बुझेर, लेखेर वा बोलेर अध्ययन गर्न सकिन्छ वा यी प्रक्रियाहरूले अध्ययन गर्नमा हामीलाई सहयोग गर्छन् । अर्थात् जुन कार्य गर्दा त्यसमा हाम्रो मस्तिष्क सामेल हुन्छ भने त्यो हाम्रो अध्ययनको गतिविधि बन्न पुग्छ ।

सामान्यतया जुनसुकै बेला अध्ययन गर्न सकिन्छ र गरिन्छ पनि । अध्ययन हुन्छ पनि र सफलता पनि प्राप्त हुन्छ । तर मलाई प्रसिद्ध सायर जावेद अख्तरका यी पङ्क्तिहरू जहिले पनि सम्झना भइरहन्छ, "जो ख्वाब में था पा लिया, पर खो गई वो चीज क्या थी ?" जापानको कार्य संस्कृतिमा एउटा शब्द छ– "कायजेन" जसको अर्थ हुन्छ, "निरन्तर विकास ।" अहिलेसम्म तपाईं जुनसुकै बेला पढिरहनुभएको थियो र यसमा सफलता पनि प्राप्त गर्नुभयो । यो त्यो सफलता हो, जो तपाईंसामु छ तर के तपाईंले कहिले सोच्नुभएको छ, "जो खो गई वह चीज क्या थी ।" हुन सक्छ तपाईंले यसभन्दा पनि बढी सफलता हासिल गर्न सक्नुहुन्थ्यो यदि समयको ख्याल गर्नुभएको भए ।

कुनै पुस्तक पढ्नुको पछाडि त्यसमा भएको ज्ञानलाई आर्जन गर्नु हो । ज्ञान आर्जन गर्नु पछाडिको एउटा उद्देश्य त्यसबाट फाइदा लिनु हो । यसलाई फरक ढङ्गले हेर्दा कुनै विषय सम्बन्धमा ज्ञान नभएको कारण पुस्तक अध्ययन गरिन्छ । यसको अर्थ मलाई त्यसबारे ज्ञान छैन अर्थात् म अज्ञानी पनि हुन सक्छु । यही हो अज्ञानताको बोध । धेरै कम विद्यार्थीमा यस प्रकारको मनोवैज्ञानिक भाव हुन्छ । अधिकांशले त आफूलाई सबैभन्दा ठूलो ज्ञानी भएको भ्रम पालिराखेका हुन्छन् । यस सम्बन्धमा युनानी दार्शनिक सुकरातले के भन्नुभएको छ भने यस युनानमा सबै मूर्ख छन् । म मात्र एउटा ज्ञानी छु किनभने मलाई केही थाहा छैन भन्ने कुरा थाहा छ ।

मेरो दृष्टिकोणमा विद्यार्थीहरूले अध्ययनलाई हरेक क्षण केही न केही जानकारी हासिल भइरहेको छ भन्ने अर्थमा लिनु उचित हुन्छ । पढ्दाखेरी मस्तिष्कद्वारा कुनै कुरालाई ग्रहण गर्ने क्षमता हामीले आफ्नो मस्तिष्कलाई कस्तो बनाएका छौं भन्ने कुरामाथि निर्भर गर्छ । हाम्रो अनुभव जति फराकिलो हुन्छ, ग्रहण गर्ने क्षमता त्यतिकै बढी हुन्छ । यो अनुभव किताब पढेर होइन हेरेर, सुनेर, सोचेर, बुझेर, सोहीअनुरूप व्यवहार र कुराकानी गरेर प्राप्त हुन्छ । प्रायः विद्यार्थीहरू यिनै कुराहरूको उपेक्षा गर्ने गर्छन् किनभने उनीहरूको दृष्टिमा पुस्तकको अध्ययन नै वास्तविक अध्ययन हो । यस्ता "पढाकू" विद्यार्थीहरू विद्यालयमा सफल भए तापनि जीवनको धरातलमा असफल हुन्छन् । उनीहरू सोच्छन्, "म पढाइमा यति राम्रो थिएँ तर जीवनमा किन असफल भइरहेको छु ?" यसको एकमात्र जवाफ के छ भने उनीहरूले आफूलाई पुस्तकमा मात्र सीमित राखे । मर्लिन वास सेवेन्टले भनेका छन्– ज्ञान प्राप्त गर्न पढ्नुपर्छ र बुद्धिमत्ताको लागि अवलोकन गर्नुपर्छ । यस कारण विद्यार्थीहरूलाई मेरो सल्लाह छ, उनीहरूले अध्ययनलाई व्यापक अर्थमा ग्रहण गर्नुपर्छ ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, १३ जेठ/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । यो साता कारोबारको पहिलो दिन आइतवार नेप्से परिसूचक २२ दशमलव १४ अङ्कले घटेर दुई हजार १०९ दशमलव ३४ को बिन्दुमा कायम भएको हो ।

आज ३१५ कम्पनीका एक करोड १० लाख ४४ हजार ४८५ कित्ता शेयर ७० हजार ५८६ पटक खरीद–बिक्री हुँदा रु चार अर्ब ४४ करोड १५ लाख ३८ हजार ४७१ बराबरको कारोबार भएको छ । आजको कारोबारपछि कुल बजार पूँजीकरण रु ३३ खर्ब ४४ अर्ब ७९ करोड ७६ लाख ३९ हजार पुगेको छ ।

आजको कारोबारमा होटल तथा पर्यटन समूह तीन दशमलव ३७ र म्युचुअल फन्ड शून्य दशमलव २१ प्रतिशतले बढेको छ भने अरू सबै समूहका उपसूचक घटेका छन् । सबैभन्दा धेरै वित्त समूह दुई दशमलव १९ र जलविद्युत् समूह एक दशमलव ६२ प्रतिशतले घटेका छन् ।

कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ३६ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु १५ करोड ६६ लाख १३ हजार ८३३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने रिडी पावर कम्पनी लिमिटेडको चार लाख २६ हजार ८९६ कित्ता शेयर किनबेच भएका छन् ।

# विद्यार्थी टिकाउ दर बढ्दै

काठमाडौं, १३ जेठ/रासस

शैक्षिक सत्र २०८० मा विद्यालय तहका विद्यार्थीको टिकाउ दर क्रमशः बढ्दै गएको छ । अर्थमन्त्री वर्षमान पुनद्वारा प्रतिनिधिसभाको बैठकमा आइतवार प्रस्तुत आर्थिक सर्वेक्षण, २०८०/८१ मा शैक्षिक सत्र २०८० मा कक्षा आठसम्मको टिकाउ दर ८६ दशमलव दुई प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ६९ दमशलव नौ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ३७ दशमलव दुई प्रतिशत पुगेको उल्लेख गरिएको छ ।

शैक्षिक सत्र २०७९ मा विद्यार्थीको टिकाउ दर कक्षा आठ, १० र १२ सम्म क्रमशः ८५ दशमलव सात, ३७ दशमलव तीन र ३५ दशमलव छ प्रतिशत रहेका थिए । प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक कक्षा सञ्चालन बढेपछि औपचारिक शिक्षाको गुणस्तर वृद्धिमा योगदान पुगेको हो ।

सर्वेक्षणमा शैक्षिक सत्र २०८० मा माध्यमिक तह (९–१२) को खुद भर्नादर गत वर्षभन्दा शून्य दशमलव पाँच प्रतिशतले बढेर ५७ दशमलव नौ पुगेको

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# प्रस्तुत नीति तथा कार्यक्रमले सुशासन, सामाजिक न्यायसहितको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने लक्ष्य लिएको छ –प्रधानमन्त्री

काठमाडौं, १३ जेठ/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारले आगामी आर्थिक वर्षको प्रस्तुत नीति तथा कार्यक्रमले देशमा संविधानले निर्दिष्ट गरेबमोजिम समाजवादोन्मुख सामाजिक–आर्थिक रूपान्तरणका लागि सुशासन, सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्ने राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने लक्ष्य लिएको बताएका छन् ।


तस्वीरः रासस

राष्ट्रपति रामचन्द्र पौडेलबाट संसद्को दुवै सदनको संयुक्त बैठकलाई गरेको सम्बोधनमार्फत प्रस्तुत नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि सांसदहरूबाट पेश भएका संशोधन प्रस्तावका सम्बन्धमा सरकारको धारणा प्रस्तुत गर्दै प्रतिनिधिसभाको आइतवारको बैठकमा उनले संशोधन प्रस्तावमार्फत सांसदहरूबाट प्राप्त रचनात्मक सुझाव तथा पृष्ठपोषणका लागि धन्यवाद व्यक्त गरे । "सांसद चित्रबहादुर केसीले प्रस्तावित नीति तथा कार्यक्रममाथि १६ बुँदामा संशोधन प्रस्ताव पेश गरेका छन्, तीमध्ये कतिपय प्रस्ताव भाषिक परिमार्जन गरिनुपर्ने र केही थप संशोधन गर्नुपर्ने प्रकृतिका रहेका छन्," प्रधानमन्त्री प्रचण्डले भने, "सांसदहरूले प्रस्तुत संशोधनमार्फत कृषि, भूमिसुधार, उद्योग, महिला, हिंसा, स्वास्थ्य, शिक्षा, श्रम, राष्ट्रियता तथा परराष्ट्र नीतिलगायतका क्षेत्रमा राखेका सुझावहरू महत्त्वपूर्ण र मननयोग्य छन् ।"

सरकारले आत्मनिर्भर कृषि अर्थतन्त्रको विकास, उद्यमशीलताको प्रवर्द्धन, पूर्वाधार विकास तथा रोजगार सिर्जना गर्दै सूचना प्रविधि क्षेत्रलाई उत्पादन तथा उत्पादकत्व वृद्धिको मुख्य संवाहकका रूपमा विकास गर्न जोड दिएको उनको भनाइ छ । साथै सामाजिकरूपमा उपेक्षित उत्पीडित वर्गको न्यायमा पहुँचका लागि कतिपय विशिष्ट कार्यक्रम प्रस्ताव गरिएका पनि उनले जानकारी दिए ।

यसअघि सांसद प्रेम सुवालले प्रस्तावित नीति तथा कार्यक्रममाथिको संशोधन प्रस्तावमा ४८ बुँदामा संशोधन प्रस्ताव राखेका थिए । प्रस्तुत संशोधनमा आर्थिक समानता, सामाजिक न्याय, विकास निर्माण, राष्ट्रियता, परराष्ट्र नीति, शिक्षा, स्वास्थ्य, लगानी प्रवर्द्धनलगायतका सुझावहरूलाई गम्भीरतापूर्वक लिइने प्रधानमन्त्री प्रचण्डले बताए । "सम्मानित संसद्बाट ख्वप कलेजको विधेयकलाई तत्काल पारित गर्न सरकारको जोड रहनेछ, संशोधनका केही विषयहरू संविधान तथा कानूनको संशोधन एवं परिमार्जन गर्नुपर्ने प्रकृतिको रहेकाले ती सन्दर्भमा संसद्मा आवश्यक छलफलल हुने नै छ," उनले भने ।

प्रस्तावित नीति तथा कार्यक्रममाथि सांसदहरूबाट प्राप्त संशोधनमा सामान्य भाषिक परिमार्जनबाहेक उल्लिखित थप विषयहरू यही जेठ १५ गते नेपाल सरकारबाट संसद्मा प्रस्तुत गरिने वार्षिक बजेट वक्तव्यमा समेट्ने प्रधानमन्त्री प्रचण्डले विश्वास दिलाए ।

# आव २०८०/८१ को आर्थिक सर्वेक्षण पेश

काठमाडौं, १३ जेठ/रासस

प्रतिनिधिसभाको बैठकमा अर्थमन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण पेश गरेका छन् ।

प्रतिनिधिसभाको आइतवारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसको विरोध र नाराबाजीबीच सभामुख देवराज घिमिरले अनुमति दिएपछि उनले सो सर्वेक्षण पेश गरेका हुन् ।

अर्थमन्त्री पुनले भने, "गत आर्थिक वर्षको पूरा अवधि र चालू आवको आठ महीनासम्मको सङ्घ, प्रदेश र स्थानीय तहको समग्र आर्थिक, सामाजिक, क्षेत्रगत विकास तथा सुशासनको चित्रण तथा विश्लेषण गरिएको छ ।" मुलुकको आर्थिक, सामाजिक परिसूचकमा सुधार हुँदै गएको उल्लेख गर्दै उनले उत्पादनमूलक, उद्योग र निर्माण क्षेत्रको उत्पादनमा आएको सङ्कुचनको बावजूद कृषि र सेवा क्षेत्रमा भएको विस्तारले मुलुकको अर्थतन्त्र ३.९ प्रतिशतले विस्तार हुने अनुमान गरिएको जानकारी दिए ।

अर्थमन्त्री पुनले प्रदेशगतरूपमा गण्डकी, बाग्मती र लुम्बिनीको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा माथि रहने अनुमान गरिएको बताउँदै चालू आवमा कुल लगानी २.८ प्रतिशतले बढेर रु १७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान गरिएको जानकारी दिए ।

"प्रतिव्यक्ति आय एक हजार ४५६ अमेरिकी डलर पुग्ने अनुमान छ । चालू आवको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फिति ६.०८ प्रतिशत रहेको छ । राजस्व परिचानलमा क्रमशः सुधार हुँदै गएको छ," उनले भने ।

अर्थमन्त्री पुनले चालू आवको फागुनसम्म सङ्घीय सरकारको राजस्व सङ्कलन ९.७ प्रतिशतले बढेर रु छ खर्ब ३९ अर्ब पाँच करोड पुगेको जानकारी दिँदै यस अवधिमा सङ्घीय खर्च २.९ प्रतिशतले वृद्धि भई रु आठ खर्ब एक अर्ब ५८ करोड पुगेको उल्लेख गरे ।

"विसं २०८० फागुनसम्म कुल सार्वजनिक ऋण रु २३ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ । कुल ऋणमध्ये आन्तरिक ऋण ४९.६ प्रतिशत र बाह्य ऋण ५०.४ प्रतिशत रहेको छ," अर्थमन्त्री पुनले भने, "आव २०७९/८० मा प्रदेश र स्थानीय तहले सङ्घबाट भएको वित्तीय हस्तान्तरणमार्फत रु तीन खर्ब ९७ अर्ब २६ करोड र राजस्व बाँडफाँडमार्फत रु एक खर्ब २० अर्ब २६ करोड गरी रु पाँच खर्ब १७ अर्ब ६२ करोड प्राप्त गरेका छन् ।"

वित्तीय क्षेत्र सुधार हुँदै गएको बताउँदै उनले बैंकिङ प्रणालीमा पर्याप्त तरलता रहेको र निक्षेप एवं कर्जाको व्यापार दर घट्दै गएको उल्लेख गरे । चालू आवको फागुनसम्म निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ५.६ प्रतिशतले बढेको उनले जानकारी दिए ।

अर्थमन्त्री पुनले बैंक तथा वित्तीय संस्थाको सञ्जालमा विस्तार, विद्युतीय माध्यमबाट हुने कारोबार, वित्तीय साक्षरता प्रवर्द्धनसँगै प्रतिशाखा जनसङ्ख्या दुई हजार ५१५ पुगेको जानकारी दिए ।



**स्वर्गद्वारी मन्दिरः** प्युठानको स्वर्गद्वारी नगरपालिका–२ स्थित पश्चिम नेपालको प्रसिद्ध धार्मिक तथा पर्यटकीय तीर्थस्थल स्वर्गद्वारी मन्दिर । तस्बिरः कुलदीप न्यौपाने/रासस

# जलवायुको उच्च जोखिममा नेपाल १०औं स्थानमा

काठमाडौं, १३ जेठ/रासस

नेपाल भूबनोट र भौगर्भिक विशिष्टताका कारण जलवायु परिवर्तनको उच्च जोखिममा रहेको छ । जलवायु परिवर्तनले हुने तापक्रम वृद्धिको असर हिमाली क्षेत्रमा बढी परेको छ । यसबाट हिउँ पग्लने, नयाँ हिमताल बन्ने, विद्यमान हिमालको आकार ठूलो हुने र हिमताल फुटेर बाढी आउने जोखिमसमेत बढेको छ । 'जर्मनवाच' नामक अन्तर्राष्ट्रिय संस्थाले सन् २०११ मा गरेको दीर्घकालीन जलवायु जोखिम सूचकाङ्क (२०००–२०१९)को अध्ययन अनुसार नेपाल जलवायु परिवर्तनका दृष्टिकोणबाट उच्च जोखिम भएका मुलुकमध्ये १०औं स्थानमा छ ।

जलवायु परिवर्तनजन्य विपद्बाट नेपालले बर्सेनि मानवीय तथा आर्थिक नोक्सानी बेहोर्दै आएको नेपाल सरकारले आइतवार सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षणमा उल्लेख छ । जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालन गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था हुँदै आएका छन् । जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी निकायको मूल्याङ्कन प्रतिवेदन अनुसार पृथ्वीको औसत तापक्रम सन् १८५०–१९०० को तुलनामा एक दशमलव एक डिग्री सेल्सियसले बढिसकेको छ । बढ्दो तापक्रमका कारण मानव समुदाय र पारिस्थितिकीय प्रणालीबीचको सन्तुलन कायम गर्ने चुनौती बढेको छ ।

आर्थिक सर्वेक्षण अनुसार मानवसिर्जित क्रियाकलापका कारण जलवायु परिवर्तनजन्य विपद् बढ्दै गएका छन् । उच्च तापक्रम, बेमौसमी वर्षा र अति वर्षा तथा सुक्खापनजस्ता कारणबाट उत्पादन र उत्पादकत्वमा ह्रास आई रोजगार, आय र मानिसको जीविकोपार्जनमा गहिरो प्रभाव परेको छ । जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्न संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि, क्योटो प्रोटोकल, पेरिस सम्झौतालगायतका प्रबन्ध कार्यान्वयन गर्न विभिन्न निकाय तथा संरचना क्रियाशील छन् । नेपाल पनि यस्ता सन्धि सम्झौताको पक्ष राष्ट्र भई जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका क्षेत्रमा काम गरिरहेको छ ।

सन् २०२३ मा अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले गरेको अध्ययन अनुसार हिन्दकुश हिमालय क्षेत्रका हिमनदीको पिण्ड ६५ प्रतिशतले घटेको छ भने यस क्षेत्रको मुख्य नदी बेसीनमा हिउँ पग्लेर सन् २०५० तिर पानीको मात्रा र नदीमा बहाव उच्च हुने अनुमान गरेको छ । जलवायु परिवर्तनका कारण तीव्रगतिमा हिउँ पग्लने र तत्काल नदीमा पानीको मात्रा वृद्धि हुने भएपनि दीर्घकालमा पानीको मात्रा (आयतन) घट्ने अनुमान छ ।

**हरितगृह ग्याँस उत्सर्जनको अवस्था**

विश्वको हरितगृह ग्याँस उत्सर्जन सन् १९९० मा ३२ अर्ब ६६ करोड मेट्रिकटन रहेकोमा सन् २०२० मा ४७ अर्ब ५१ करोड मेट्रिकटन पुगेको थियो । सन् १९९० देखि २०२० सम्मको अवधिमा विश्वको हरितगृह ग्याँस उत्सर्जन वार्षिक औसत एक दशमलव २७ प्रतिशतले वृद्धि भएको छ । सन् २०१९ को तुलनामा सन् २०२० मा चार दशमलव सात प्रतिशतले विश्वको हरितगृह ग्याँस उत्सर्जनमा कमी आएको छ । यसैगरी, 'क्लाइमेट वाच'को तथ्याङ्क अनुसार विश्वमा सबैभन्दा बढी हरितगृह ग्याँस उत्सर्जन गर्ने देशमा चीन, अमेरिका, भारत, युरोपियन युनियनका मुलुक, इन्डोनेशिया, रूस, ब्रजील, जापान, इरान र क्यानडा रहेका छन् । विश्वको कुल हरितगृह ग्याँस उत्सर्जनमा सबैभन्दा बढी अंश चीनको २५ दशमलव ८८ प्रतिशत र संयुक्त राज्य अमेरिकाको ११ दशमलव १३ प्रतिशत रहेको छ । जलवायु परिवर्तन तथ्याङ्क 'एक्सप्लोर' २०२४ का अनुसार प्रमुख १० हरितगृह ग्याँस उत्सर्जन गर्ने देशमध्ये क्यानडाको अंश सबैभन्दा कम एक दशमलव १४ प्रतिशत रहेको छ ।

नेपालले उत्सर्जन गरेको हरितगृह ग्याँस पछिल्ला वर्षमा बढ्दै गएको छ । नेपालले उत्सर्जन गरेको हरितगृह ग्याँस सन् २००० देखि सन् २००८ सम्म घटेको भएपनि त्यसपछिका वर्षमा बढेको छ । सन् ९० को दशकमा औसत दुई करोड १८ लाख मेट्रिकटन हरितगृह ग्याँस उत्सर्जन हुने गरेकामा पछिल्ला (सन् २०११–२०२०) दशकमा यस्तो ग्याँस उत्सर्जन चार करोड २७ लाख मेट्रिकटन पुगेको छ । नेपालको भने खुद हरितगृह ग्याँस उत्सर्जन घट्दै गएको छ ।

# सार्वजनिक संस्थान : २६ नाफामा, १५ घाटामा

काठमाडौं, १३ जेठ/रासस

हाल सञ्चालनमा रहेका ४४ वटा सार्वजनिक संस्थानमध्ये २६ वटा नाफा, १५ घाटामा र तीनवटाको कारोबार शून्य देखिएको छ । सरकारले आइतवार सार्वजनिक गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१' अनुसार आर्थिक वर्ष २०७९/८० सम्ममा अस्तित्वमा रहेकामध्ये त्यस्तो अवस्था देखिएको हो ।

प्रतिवेदन अनुसार अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा सार्वजनिक संस्थानको कूलु सञ्चालन आय रु पाँच खर्ब ७५ अर्ब ४३ करोड ५५ लाख रहेकामा गत आर्थिक वर्ष २०७९/८० मा १४ दशमलव ८७ प्रतिशतले वृद्धि भई रु छ खर्ब ६१ अर्ब एक करोड २९ लाख पुगेको छ । "अघिल्लो आर्थिक वर्षको तुलनामा सार्वजनिक संस्थानको समग्र खुद नाफामा तीन हजार ४६ दशमलव २० प्रतिशतले वृद्धि भई गत आर्थिक २०७९/८० मा रु ४८ अर्ब ५१ करोड ७५ लाख कायम भएको छ," प्रतिवेदनमा भनिएको छ, "यसरी नाफा उच्च वृद्धि हुनुमा नेपाल आयल निगममा आव २०७८/७९ मा रु ३८ अर्ब १७ करोड ७८ लाख घाटा रहेकोमा आव २०७९/८० मा रु ११ अर्ब ७२ करोड ३० लाख नाफामा रहनु मुख्य कारण हो ।" आर्थिक वर्ष २०७९/८० मा नाफामा सञ्चालित २६ संस्थानको गत वर्षको तुलनामा खुद नाफा ९८१ दशमलव ४० प्रतिशतले बढेको छ भने नोक्सानीमा सञ्चालित १५ संस्थानको गत वर्षको तुलनामा खुद नोक्सानी दुई दशमलव ८१ प्रतिशतले बढेको देखिन्छ । सार्वजनिक संस्थानको प्रशासनिक खर्च २३ दशमलव ७९ प्रतिशतले बढेको छ ।

संस्थानको शेयरधनी कोष (नेटवर्थ) अघिल्लो आर्थिक वर्षको तुलनामा २० प्रतिशतले वृद्धि भई रु नौ खर्ब ८२ अर्ब १३ करोड १७ लाख पुगेको छ । समीक्षा अवधिमा ३२ वटा संस्थानको शेयरधनीकोष घनात्मक र बाँकी १० वटाको ऋणात्मक रहेको छ । संस्थानका नेपाल सरकारको कुल लगानी गत आर्थिक वर्षको तुलनामा आठ दशमलव ६२ प्रतिशतले वृद्धि भई रु छ खर्ब ६१ अर्ब १० करोड ७४ लाख पुगेको छ । गत आर्थिक वर्षको तुलनामा शेयर लगानी नौ दशमलव १९ प्रतिशतले वृद्धि भई रु तीन खर्ब ७९ अर्ब ७२ करोड १६ लाख पुगेको छ भने ऋण लगानी सात दशमलव ८६ प्रतिशतले कमी आई रु दुई खर्ब ८१ अर्ब ३८ करोड ५८ लाख पुगेको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०७९/८० मा कोषमा व्यवस्था नभएको दायित्व ११ दशमलव ६३ प्रतिशतले वृद्धि भई रु ५२ अर्ब ८७ करोड दुई लाख पुगेको छ भने सम्भावित दायित्व ४४ दशमलव ८३ प्रतिशतले बढेको छ ।

सार्वजनिक संस्थानमा आव २०७८/७९ को तुलनामा चुक्ता पूँजी १० दशमलव ६२ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०७९/८० मा रु चार खर्ब १२ अर्ब १२ करोड ८१ लाख पुगेको थियो । जसमा नेपाल सरकारको पूँजी लगानी ९२ दशमलव १३ प्रतिशत र अन्य संस्थान तथा निजी क्षेत्रको सात दशमलव ८७ प्रतिशत शेयर स्वामित्व रहेको छ । आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादन रु ५३ खर्ब ८१ अर्ब ३४ करोडमा सार्वजनिक संस्थानको कुल सञ्चालन आयको अनुपात १२ दशमलव २८ प्रतिशत रहेको छ ।

नेपाल सरकारले प्राप्त गरेको कुल आयकरमा आर्थिक वर्ष २०७८/७९ मा संस्थानको योगदान पाँच दशमलव ५९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा छ दशमलव ९७ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको सञ्चित कोषमा सार्वजनिक संस्थानले कुल रु १७ अर्ब ३९ करोड ४६ लाख आयकर दाखिला गरेको थियो । त्यसैगरी, आर्थिक वर्ष २०७९/८० मा सार्वजनिक संस्थानमा ३२ हजार १८० जनाले प्रत्यक्ष रोजगार प्राप्त गरेका थिए । जनोपयोगी क्षेत्रका संस्थानमा सबैभन्दा बढी १३ हजार ३७७ जना र सामाजिक क्षेत्रका संस्थानमा सबैभन्दा कम एक हजार ४०८ जना कार्यरत छन् ।

प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/८० मा संस्थानको सञ्चित नाफामा १६ दशमलव ६८ प्रतिशतले वृद्धि भई रु ६१ अर्ब १४ करोड ९६ लाख पुगेको छ । सञ्चालनमा रहेका संस्थानमध्ये सातवटा संस्थान नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत छन् । कुल बजार पूँजीकरणमा सूचीकृत सरकारी संस्थानको हिस्सा विसं २०८० असार मसान्तमा १८ दशमलव ३२ प्रतिशत रहेको छ ।

निजीकरण गरिएका १८ वटा सार्वजनिक संस्थानमध्ये १० वटा संस्थान नाफामा छन् । निजीकरण ऐनबमोजिम खारेज भएका १२ संस्थानमध्ये हालसम्म कृषि चुन उद्योग लिमिटेडको मात्र कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता खारेजी भई कानूनीरूपमा अस्तित्व समाप्त भएको छ । कृषि औजार कारखाना लिमिटेड बन्द रहेकोमा मन्त्रिपरिषद्को विसं २०७९ भदौ ३१ को निर्णय अनुसार यसलाई राष्ट्रिय आविष्कार केन्द्रलाई सञ्चालन गर्न दिइएको छ भने अन्य खारेजीमा परेका सार्वजनिक संस्थानको कानूनी प्रक्रिया पूरा हुन सकेको छैन ।

सार्वजनिक संस्थानको प्रशासनिक खर्च आर्थिक वर्ष २०७८/७९ मा रु ३५ अर्ब ४६ करोड ४७ लाख रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २३ दशमलव ७९ प्रतिशतले वृद्धि भई रु ४३ अर्ब ९० करोड १८ लाख रहेको छ । २० वटा संस्थानले लेखापरीक्षण गराएका छन् भने अन्य २४ वटा संस्थानले नियमित लेखापरीक्षण गराएका छैनन् ।

आर्थिक वर्ष २०७९/८० मा उच्च खुद नाफा आर्जन गर्ने पाँच सार्वजनिक संस्थानमा क्रमशः नेपाल आयल निगम लिमिटेड, नेपाल विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नागरिक लगानी कोष र निक्षेप तथा कर्जा सुरक्षण कोष रहेका छन् । त्यस्तै, उच्च नोक्सान भएका पाँच सार्वजनिक संस्थानमा क्रमशः नेपाल वायुसेवा निगम लिमिटेड, नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग लिमिटेड र नेपाल टेलिभिजन रहेका छन् । विसं २०८० असार मसान्तसम्म कायम रहेका ४४ संस्थानमध्ये कम्पनी ऐनबमोजिम स्थापना भएका ३३ वटा, विशेष ऐनबमोजिम स्थापना भएका सातवटा, सञ्चार संस्थान ऐनबमोजिम स्थापना भएका दुईवटा, सहकारी ऐन बमोजिम स्थापना भएको एउटा र संस्थान ऐन बमोजिम स्थापना भएको एउटा संस्थान छन् ।

स्वामित्वका आधारमा हेर्दा २० वटा सरकारको पूर्ण स्वामित्वमा र २४ वटा अधिकांश स्वामित्वमा रहेका छन् । क्षेत्रगतरूपमा वर्गीकरण गर्दा औद्योगिक क्षेत्रमा १०, व्यापारिक क्षेत्रमा चार, सेवा क्षेत्रमा ११, सामाजिक क्षेत्रमा पाँच, जनोपयोगी क्षेत्रमा पाँच र वित्तीय क्षेत्रमा नौवटा सार्वजनिक संस्थान हाल अस्तित्वमा रहेका छन् ।

# सञ्चार र सूचना प्रविधिमा गुणस्तरीय सेवा विस्तार

सुशील दर्नाल
काठमाडौं, १३ जेठ/रासस

हालसम्म देशका ७५ जिल्लामा इन्टरनेट सेवा विस्तार भएको छ भने २५ हजार किलोमिटरभन्दा बढी अप्टिकल फाइबर ओछ्याउने काम भएको छ । सरकारले नेपाल टेलिकममार्फत अधिकांश भूभागमा दूरसञ्चार र अधिकांश वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट सेवा विस्तार गरेको हो । डिजिटल पूर्वाधारको विकासबाट डिजिटल डिभाइड कम गर्दै डिजिटल रूपान्तरणको माध्यमबाट समृद्धि हासिल गर्न सकिन्छ भन्नेमा सरकार विश्वस्त रहेको र त्यसकै आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवश्यक नीति, कानून र संरचनात्मक विकासमा ध्यान दिएको मन्त्रालयले जनाएको छ ।

दूरञ्चार क्षेत्रमा सुशासन स्थापित गर्दै पूर्वाधार विकासलाई मुख्य ध्यान दिएर दूरसञ्चार ऐन संशोधनको काम भइरहेको छ । दूरसञ्चार पूर्वाधारमा देखिएको दोहोरो तेहोरो लगानीको अवस्था अन्त्य गरी पूर्वाधार सहप्रयोगका नीति अघि सार्ने तयारी गरिएको छ । यसबाट दूरसञ्चार पूर्वाधारमा लागत घट्ने र सेवालाई थप प्रभावकारी बनाउँदै उपभोक्ताबाट लिने शुल्क घटाउन सकिन्छ भन्ने विश्वास सरकारको छ ।

त्यस्तै, सेवाप्रदायकबाट पनि कुल आम्दानीको हिसाबले वार्षिक दस्तुर लिने गरी समान व्यवहारको नीति लागू गर्ने गरी ऐन संशोधनको काम भइरहेको छ। साइबर स्पेसलाई सुरक्षित र व्यवस्थित गर्ने उद्देश्यले पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरिएको छ भने राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना भएको छ । 'डिजिटल नेपाल फ्रेमवर्क २०७६' को आकाङ्क्षा पूरा गर्ने उद्देश्य अनुरूप सरकारले 'राष्ट्रिय साइबर सुरक्षा केन्द्र' स्थापना गरेको हो ।

सिंहदरबारस्थित पुरानो गृह मन्त्रालयमा कार्यालय रहेको केन्द्रले आफ्नो काम शुरू गरिसकेको छ। गत माघ ९ गतेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । पछिल्लो समयमा विभिन्न देशमा साइबर असुरक्षा बढ्दै गएको र नेपालको सन्दर्भमा अझै बढी असुरक्षा बढ्दै गएको सन्दर्भलाई दृष्टिगत गर्दै केन्द्र स्थापना गरिएको हो। नेपालको सन्दर्भमा पछिल्लो समयमा साइबर असुरक्षा बढिरहेको सन्दर्भलाई मध्यनगर गरेर पनि केन्द्रको स्थापना गरिएको हो ।

सुशासनका पक्षमा दृढतापूर्वक उभिएकाले मन्त्रालयले अघिल्लो आर्थिक वर्षको भन्दा चालू आर्थिक वर्षमा राजस्व वृद्धि गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताएकी छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी सम्हालेपछि सुशासन प्रवर्द्धनलाई केन्द्रमा राखेर नीतिगत र कानूनी सुधारका काम गरिरहेको राससससँगको कुराकानीमा मन्त्री शर्माले बताइन् । त्यसका केही सकारात्मक नतीजा पनि प्राप्त हुन थालेको उनको भनाइ छ ।


सञ्चारमन्त्री रेखा शर्मा । तस्वीरः रासस

सरकारले सुशासनका पक्षमा लिएको अडान र नीतिगत सुधारका कारण राजस्वमा समेत वृद्धि हुन थालेको छ । गत आर्थिक वर्षमा कुल राजस्व रु सात अर्ब ९० लाख सङ्कलन भएकोमा चालू आर्थिक वर्षको दश महीनामैं रु सात अर्ब ४२ करोड राजस्व सङ्कलन भएको छ । यसबाट सरकारलाई सुशासनका पक्षमा दृढतापूर्वक उभिंदा नतीजा प्राप्त गर्न सकिन्छ भन्ने गहिरो विश्वास पैदा भएको देखिन्छ । वर्ल्डलिंक कम्युनिकेशनलगायत इन्टरनेट सेवा प्रदायक संस्थाबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क कानूनबमोजिम असुल उपर गर्ने बाटो खुलेको छ। यस सम्बन्धमा सर्वोच्चमा वर्ल्डलिंक कम्युनिकेशनले दायर गरेका विभिन्न आठवटा रिट खारेज भएका छन् ।

मन्त्री शर्माले भनिन्–"सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा लामो समयदेखि गुम्सिएर बसेका अनियमितताका घटनाहरू एकपछि अर्को सार्वजनिक हुने र कहिलेकाहीं त यिनै विषय दैनिकजसो समाचार शीर्षक बन्ने अवस्थाले यो क्षेत्रमा सुशासनको निकै आवश्यकता छ भन्ने देखिन्छ।" सबैखाले अनियमित घटनाको छानबीन र कारबाईमा सरकार दृढतापूर्वक अघि बढ्दै जाँदा नेपालको दूरसञ्चार क्षेत्र सुशासनको दिशामा आउँदै गरेको महसूस भएको उनको भनाइ छ। सबैखाले अनियमितताको अन्त्य र सुशासनको प्रवर्द्धनले मात्रै दूरसञ्चार क्षेत्रलाई प्रभावकारी ढङ्गले अघि बढाउन सकिन्छ भन्ने विश्वास सरकारमा पैदा हुँदै गएको देखिन्छ। त्यसले दूरसञ्चारको विकासमा नयाँ आयाम थप्ने सरकारको विश्वास रहेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, चुनौतीको पहिचान, रोकथाम, प्रतिक्रिया तथा पुनः लाभलगायत कामको सम्पर्क निकायका रूपमा कार्य गर्न तथा डिजिटल फोरेन्सिक अनुसन्धान गर्न केन्द्रको स्थापना गरिएको शाखा प्रमुख महर्जनले बताए । सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक तर्जुमाको काम भइरहेको छ । सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, दूरसञ्चार नीति, २०६० र ब्रोडब्यान्ड नीति, २०७१ लाई पुनरवलोकन गरी एकीकृत नीति तर्जुमा गर्ने कार्य भइरहेको छ। ब्यान्डविथ खरीदलाई थप प्रतिस्पर्धी बनाउँदा नेपाल टेलिकमको मात्रै औसतमा वार्षिक डेढ अर्ब रुपियाँ बचत हुने अवस्था सिर्जना भएको छ । सेवा प्रदायकको लागत कम हुँदै जाँदा उपभोक्ताले तिर्ने शुल्क घटाउँदै लैजान सकिने सरकारको विश्वास छ ।

दूरसञ्चार क्षेत्रमा फाइभजीलगायत नवीतम प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन गर्नेगरी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति लागू गरिएको छ । फ्रिक्वेन्सी लाइसेन्स ओगटेर राख्ने, राज्यलाई राजस्व नतिर्ने र काम नगर्ने प्रवृत्ति निरुत्साहित गर्न फ्रिक्वेन्सी नीतिमा परिमार्जन गरी जारी गरिएको फ्रिक्वेन्सी नीति २०८० को कार्यान्वयनबाट २०८१ साउन १ गतेदेखि प्रविधि तटस्थताको नीति लागू हुने सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्माको भनाइ छ । यो परिवर्तनपछि राजस्वमा समेत उल्लेख्य वृद्धि हुने उनको विश्वास छ। यसबीच अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली पनि संशोधन गरिएको छ। त्यसले सम्पत्तिको व्यवस्थापन गर्नुको साथै प्रयोग नभएको रेडियो फ्रिक्वेन्सी स्वतः फिर्ता हुने र सीमित प्राकृतिक स्रोतको रूपमा रहेको राज्यको महत्त्वपूर्ण सम्पत्ति रेडियो फ्रिक्वेन्सीको दुरुपयोग रोक्न नीतिगत व्यवस्था गरिएको छ ।

मन्त्री शर्माले भनिन्–"दूरसञ्चार क्षेत्रलाई थप सुरक्षित महसूस हुनेगरी लगानीकर्तामैत्री नियामक वातावरण सिर्जना गर्न सरकार प्रतिबद्ध रहेको छ, समयानुकूल नीति, कानून र संरचना निर्माण तथा यसको प्रभावकारी कार्यान्वयनमार्फत दूरसञ्चार क्षेत्रको दिगो विकास गर्न सकिने छ । यसका लागि सबै क्षेत्रबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु।" भर्खरै सार्वजनिक भएको नेपाल सरकारको नीति तथा कार्यक्रमबाट पनि सरकारले प्राथमिकता र प्रतिबद्धता स्पष्ट पारेको छ। अब हरेक क्षेत्रमा डिजिटलाइजेशन गरेर मात्रै समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वासका साथ नीति तथा कार्यक्रममार्फत आगामी दश वर्षलाई सूचना प्रविधि दशक घोषणा गरिएको छ। सरकारले सूचना प्रविधि उद्योगलाई रोजगार र सेवा निर्यातको प्रमुख क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहन गरी नेपाललाई ग्लोबल सूचना प्रविधि हबको रूपमा विकास गर्ने घोषणा पनि गरेको छ ।

घोषणाको पूर्ण कार्यान्वयनका लागि सार्वजनिक डिजिटल पूर्वाधार पहिलो शर्त रहेको र त्यसका लागि गर्ने भनेको दूरसञ्चार क्षेत्रको विकास नै भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख राजकुमार महर्जनले जानकारी दिए। त्यसका लागि सरकारले ब्रोडब्यान्ड इन्टरनेट विस्तार गरी ब्रोडब्यान्ड सेवालाई गुणस्तरीय, सर्वसुलभ र सुरक्षित बनाउने तथा सबै बस्तीसम्म द्रुतगतिको इन्टरनेट सेवा उपलब्ध गराउने कार्यलाई प्राथमिक कार्यभारको रूपमा अघि सारेको उनको भनाइ छ। त्यसका लागि सबै सेवा प्रदायकलाई सही ढङ्गले परिचालन गर्दै सरकारलाई आफ्नो लक्ष्यमा पुऱ्याउन नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको महत्त्वपूर्ण भूमिका रहने छ। सार्वजनिक डिजिटल पूर्वाधारको रूपमा रहेको दूरसञ्चार क्षेत्रको समय अनुकूल विकासका लागि सरकार योजनाबद्धरूपमा अघि बढिरहेको देखिन्छ।

मन्त्रालय अन्तर्गतको विज्ञापन बोर्डले भ्रमपूर्ण विज्ञापन प्रकाशन तथा प्रसारण रोक्ने काम गरिरहेको छ। विज्ञापन बोर्डले पछिल्लो समयमा सामाजिक सञ्जाललगायत विभिन्न माध्यममा विभिन्न प्रकार र नामका चिया, तेल, स्याम्पो, औषधीजस्ता वस्तुले विभिन्न खालका रोग निको पार्ने तथा जुनसुकै स्वास्थ्य समस्या पनि समाधान गर्ने भन्दै चर्को मूल्य राखी बिक्री वितरणका लागि भ्रमपूर्ण विज्ञापन गरिएको अनुगमनका क्रममा फेला पारेको छ । सञ्चार मन्त्रालयले ल्याएको 'सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' अहिले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलका क्रममा रहेको छ । समितिले अहिले विधेयकका सम्बन्धमा सुझाव सङ्कलन गरी समिति समक्ष सुझाव पेश गर्न पाँच सदस्यीय उपसमिति गठन गरेको छ ।

विद्यमान सञ्चार क्षेत्रमा देखिएका चुनौती, सञ्चार क्षेत्रको दिगो विकासका लागि नियमन सम्बन्धमा नेपाल सरकारबाट चाल्नुपर्ने कदम र नवीनतम सञ्चार प्रविधिले प्रदान गरेका अवसरहरूको माध्यमबाट आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन के गर्न सकिन्छ भन्ने विषयमा स्पष्ट रणनीतिका अगाडि बढिरहेको छ ।

सञ्चार मन्त्रालयले दूरसञ्चार क्षेत्रको विकासका लागि संयुक्त राष्ट्रसङ्घले निर्धारण गरेका लक्ष्यलाई ध्यान दिएर आफ्नो तर्फबाट पनि काम गरिरहेको छ ।

सरकारले सामाजिक र आर्थिक विकास प्रवर्द्धन गर्न सूचना र सञ्चार प्रविधिको महत्त्वबारे चेतना जगाउने, डिजिटल डिभाइड कम गर्न र सबैलाई आइसिटीको पहुँच सुनिश्चित गर्ने, शिक्षा, स्वास्थ्य सेवा र अन्य सामाजिक विकास लक्ष्यहरूका लागि आइसिटीको प्रयोगमा वृद्धि गर्ने, समावेशी र मानव अधिकारको सम्मान गर्ने तरीकामा आइसिटीको प्रयोग सुनिश्चित गर्ने तथा दिगो विकासका लागि आइसिटीको प्रयोग बढाउनेलगायत राष्ट्रसङ्घले अघि सारेका लक्ष्य पूरा गर्न नेपालले मुख्यतया डिजिटल पूर्वाधार निर्माणमा ध्यान दिएको छ ।


मुलुकमा गणतन्त्र स्थापना भएसँगै सञ्चार, सूचना र प्रविधिका क्षेत्रमा महत्त्वपूर्ण परिवर्तन आएको देखिन्छ । आमसञ्चार, दूरसञ्चार र सूचना प्रविधिमा भएको उल्लेख्य प्रगतिसँगै जनताको चेतनास्तर, सूचनाको पहुँच र जीवनशैलीमा उल्लेख्य सुधार भएको छ। सञ्चार र सूचना प्रविधिमा अझै गुणस्तरीय सेवा विस्तार गरी समृद्धिको आधार तयार गर्न सकिए रोजगार सिर्जना, जीवनस्तरमा सुधार र समग्र मुलुकको आर्थिकस्तर माथि उठ्ने कुरामा कुनै सन्देह छैन ।


**खडेरीले सुकेका मकैः** लामो समय खडेरी परेपछि तनहुँको व्यास नगरपालिका–१० बैरेनीको बारीमा लगाइएको सुकेका मकै । पर्याप्त मात्रामा पानी नपर्दा खेतबारीमा लगाइएका मकै सुकेर उत्पादन घट्ने देखिएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । तस्बिरः मिला दरै/रासस

## फरक समाचार

### माइग्रेन बढाउने कारकहरू

आजभोलि तनाव, अस्वस्थ जीवनशैली र खानपानका कारण हाम्रो शरीरका अङ्गहरूमा गम्भीर असर पर्ने गर्छ । जसमध्ये एउटा माइग्रेन पनि हो, जसले



गम्भीर टाउको दुःखाइ गराउँछ। तर धेरैजसो मानिस सामान्य टाउको दुःखाइलाई माइग्रेन मान्छन् वा माइग्रेनको दुःखाइलाई सामान्य टाउको दुःखाइ मानेर बेवास्ता गर्छन् । तर माइग्रेनका यी पाँच मूल कारणबारे सचेत हुनुपर्छ, जसले माइग्रेनलाई ट्रिगर गर्न सक्छ र तपाईंको अवस्था अझ खराब बनाउन सक्छ।

**माइग्रेन आनुवंशिक हुन सक्छ** : चिकित्सकहरूले माइग्रेन प्रायः पारिवारिक इतिहाससँग जोडिएको विश्वास गर्छन् । यदि तपाईंको परिवारका कुनै सदस्यलाई पहिलेदेखि नै माइग्रेनको समस्या छ भने तपाईंलाई पनि माइग्रेनको समस्या हुने सम्भावना हुन्छ ।

**हार्मोनल परिवर्तन** : हर्मोनल परिवर्तन पनि माइग्रेनको अर्को कारण हो। विशेषगरी महीनावारी वा गर्भावस्थामा महिलाको हर्मोनमा उतारचढाव हुन्छ, जसले माइग्रेनलाई ट्रिगर गर्न सक्छ। वास्तवमा शरीरमा एस्ट्रोजनको स्तरमा परिवर्तनको कारण माइग्रेनको अवस्था अझ गम्भीर हुन सक्छ ।

**वातावरणीय कारकहरू** : कहिलेकाहीं वातावरणीय कारकहरूले पनि माइग्रेन ट्रिगर गर्न सक्छ । कडा घाम, चम्किरहेको बत्ती, कडा गन्ध, चर्को आवाज, मौसममा बारम्बार परिवर्तनले पनि माइग्रेनको पीडा बढाउन सक्छ ।

**खाने बानी** : केही खानेकुरा र पेय पदार्थले माइग्रेन ट्रिगर गर्न सक्छ । खानेकुरा र पेय पदार्थहरू–विशेषगरी रक्सी, क्याफिन, प्रशोधित मासु र मोनोसोडियमले माइग्रेन ट्रिगर गर्न सक्छ । यसबाहेक खानामा धेरै ढिलो वा उपवास बस्दा पनि माइग्रेनको पीडा बढ्न सक्छ ।

**तनाव** : तनाव माइग्रेन बढ्नुको सबैभन्दा ठूलो कारण हुन सक्छ । जब तपाई तनाव, चिन्ता वा अवसादबाट पीडित हुनुहुन्छ, यसले तपाईंको मस्तिष्कलाई असर गर्छ र माइग्रेनलाई ट्रिगर गर्न सक्छ र यसको पीडा बढाउन सक्छ । यसका लागि माइन्डफुलनेस मेडिटेशन, योग, शारीरिक गतिविधि र पर्याप्त निद्रा लिनुपर्छ ।

### उच्च रक्तचापले यसरी छालालाई असर गर्छ

उच्च रक्तचाप संसारभर एउटा आम समस्या हो। यसले मुख्यतया मुटुसँग सम्बन्धित रोग निम्त्याउँछ। तर के तपाईंलाई थाहा छ यसले तपाईंको छालामा पनि असर पार्छ ? छाला शरीरको बाहिरी आवरण मात्र होइन, यो हाम्रो



सबैभन्दा ठूलो अङ्ग हो, जसले हाम्रो बाहिरी स्वास्थ्य झल्काउँछ ।

जब उच्च रक्तचापले रक्त प्रवाह र परिसंचरणलाई असर पार्छ, यसले छालामा पोषक तत्त्व र अक्सिजन पुग्न बाधा पुऱ्याउँछ । यसले छालामा सुख्खापन वा नीरसपनजस्ता समस्या निम्त्याउन सक्छ। जसले गर्दा एरिथेमा र पेटिकियाजस्ता गम्भीर अवस्था पनि निम्तिन सक्छ। साथै घाउ निको हुन पनि ढिलाइ हुन सक्छ ।

**रक्तचापले छालालाई कसरी असर पार्छ** : उच्च रक्तचापले छालामा रक्तसञ्चारमा असर पार्छ। यसले नसाहरू खुम्चिन थाल्छ। जसले गर्दा छालामा रगत प्रवाह कम हुन्छ। नतीजाको रूपमा प्रतिरक्षा कोशिकाहरू समाप्त हुन्छन् र छाला पुनः उत्पन्न गर्न वा मरम्मत गर्न असमर्थ हुन्छन् ।

**रातोपन** : छाला रातो हुनु उच्च रक्तचापको सामान्य लक्षण हो, जसलाई एरिथेमा भनिन्छ। यो तब हुन्छ जब नसाहरू छालाको सतह नजीकै विस्तार हुन थाल्छ। यसले अनुहारमा रातोपन निम्त्याउँछ, जसलाई प्रायः रुद्र रङ्ग भनिन्छ। यो उच्च रक्तचाप नियन्त्रण नभएका मानिसहरूमा देखिन्छ ।

**गम्भीर रक्तचाप** : लामो समयसम्म गम्भीर उच्च रक्तचापले छालालाई पातलो र कमजोर बनाउन सक्छ । यसले चोटपटक वा घाउ बन्ने जोखिम बढाउँछ र घाउ निको हुन पनि ढिलाइ हुन सक्छ। उच्च रक्तचापको चायापोतो र सोरायसिसजस्ता छालाका रोगहरूसँग प्रत्यक्ष सम्बन्ध नभए पनि यसले यी रोग बढाउन सक्छ ।

उच्च रक्तचापले छालालाई मात्र असर गर्दैन, शरीरका अन्य अङ्ग र प्रणालीहरूमा समस्या हुँदा छालामा पनि यो सङ्केत देखा पर्न सक्छ । मधुमेह, मिर्गौला रोग र हृदय रोग यी सबै रोगले छालामा समस्या हुन सक्छ।

त्यसैले छालाको स्वास्थ्य जोगाउन उच्च रक्तचापलाई नियन्त्रणमा राख्नु जरूरी छ । शारीरिक गतिविधि, तौल कायम राख्ने, नुनको सेवन कम गर्ने, रक्सी र तनावबाट जोगिनुपर्छ। यसले रक्तचाप नियन्त्रणमा राख्न मदत गर्छ। साथै कोमल क्लिन्जर, मोइस्चराइजर र सनस्क्रिन प्रयोग गरेर पनि छालाको उचित हेरचाह गर्न सकिन्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## आगलागीमा परी २७ जनाको मृत्यु भएको गृहमन्त्रीद्वारा पुष्टि

गुजरात, १ जेठ/एएनआई

राजकोटको बालबालिका खेल्ने स्थान (गेम जोन)मा शनिवार साँझ ४:३० बजे



भएको भीषण आगलागीमा परी बालबालिकासहित २७ जनाको मृत्यु भएको गुजरातका गृहमन्त्री हर्ष सङ्घवीले पुष्टि गरेका छन्।

गृहमन्त्री सङ्घवीले आगलागी स्थलको आइतवार बिहानै निरीक्षण गरेका थिए।

आगलागीपछि अझै एकजना सम्पर्कमा नआएको र उक्त व्यक्तिको खोजी भइरहेको उनले बताए।

शनिवार राति राजकोटका प्रहरी आयुक्त राजु भार्गवले दिएको जानकारी अनुसार कम्तीमा २० जनाको मृत्यु भएको र केही सम्पर्कमा नआएका उल्लेख गरिएको थियो।

भार्गवले भने–"राजकोटको गो-कार्टिङ, बलिङ र अन्य साहसिक खेलहरू जस्ता मनोरञ्जन गतिविधिहरूको हब 'टिआरपी गेमिङ जोन'मा भएको आगलागीमा परी मृत्यु हुनेको सङ्ख्या २० पुगेको छ। उनीहरूको मृत शरीर परीक्षणका लागि अस्पताल पठाइएको छ।"

भार्गवका अनुसार 'गेमिङ जोन' युवराज सिंह सोलङ्की नाम गरेका व्यक्तिको स्वामित्वमा छ। लापरवाही र मृत्युका लागि उनीविरुद्ध हामी अपराधसम्बन्धी मुद्दा दर्ता गर्नेछौं। उद्धार कार्य पूरा गरेपछि थप अनुसन्धान अघि बढाइनेछ।"

**राजकोट आगलागी : मालिक र व्यवस्थापक सोधपूछका लागि प्रहरी नियन्त्रणमा**

भारतको गुजरात राज्यको राजधानी राजकोटस्थित बालबालिका खेल्ने (टिआरपी गेम जोन) स्थलमा शनिवार भएको भीषण आगलागीमा परी बालबालिकासहित २७ जनाको मृत्यु भएको घटनाबारे सोधपूछका लागि राजकोटस्थित संस्थाका मालिकसहित व्यवस्थापकलाई प्रहरी नियन्त्रणमा लिइएको छ।

अधिकारीहरूका अनुसार शनिवार अपराह्न ४:३० बजेतिर आगलागी भएको थियो।

राजकोटका प्रहरी आयुक्त राजु भार्गवले घटनाबारे जानकारी दिँदै भने, "आगलागीबारे प्रहरी अनुसन्धान तथा कारबाई शुरू भएको छ। 'टिआरपी गेम जोन'का मालिक र व्यवस्थापकलाई सोधपूछका लागि प्रहरी नियन्त्रणमा लिइएको छ।

यसैबीच, गुजरातका प्रहरी महानिर्देशकले राज्यका सबै गेम जोनको निरीक्षण गर्न र आगलागीबाट हुन सक्ने सुरक्षाका लागि अनुमतिविना चलिरहेका गेम जोनहरू बन्द गर्न प्रहरी आयुक्तहरू र जिल्ला प्रहरी उपरीक्षकहरूलाई निर्देशन दिएका छन्।

प्रहरी महानिरीक्षकले नगरपालिका र नगरपालिकाका दमकल अधिकृत र स्थानीय प्रणालीसँग समन्वय गरी यो प्रक्रिया अगाडि बढाउन निर्देशन दिएका छन्।

राजकोटको गेम जोनमा भएको आगलागीको घटनापछि यस्तो निर्देशन जारी गरिएको हो।

**दिल्ली: अस्पतालमा सात नवजात शिशुको अगलागीमा परी मृत्यु**

दिल्लीको विवेक विहारस्थित 'न्यू बर्न बेबी केयर' अस्पतालमा शनिवार राति आगलागी हुँदा कम्तीमा सातजना बालबालिकाको मृत्यु भएको शनिवार अधिकारीहरूले पुष्टि गरेका छन्। घटनामा परी घाइते भएका अन्य छ शिशुको 'इस्ट दिल्ली एनआइसियू हस्पिटल'मा उपचार भइरहेको छ।

राष्ट्रपति द्रौपदी मुर्मूले दिल्लीस्थित उक्त अस्पतालमा आगलागीमा परी सात नवजात शिशुको मृत्युको घटनालाई लिएर दुःख व्यक्त गरेकी छन्। "दिल्लीको विवेक विहारस्थित एक अस्पतालमा आगलागीका कारण धेरै बालबालिकाको मृत्यु भएको खबर हृदयविदारक छ," राष्ट्रपति मुर्मूले एक्स (ट्वीटर) मा लेखेकी छ। उनले भनेकी छन्, "शोकसन्तप्त आमाबाबु र आफन्तहरूलाई यो आघात सहन परमेश्वरले बल दिनुहोस्। यस घटनामा घाइते भएका अन्य बालबालिकाको शीघ्र स्वास्थ्यलाभको कामना गर्छु।"

यसैगरी, दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले पनि घटनाप्रति दुःख व्यक्त गरेका छन्। केजरीवालले एक्समा लेखेका छन्, "बालबालिकाको अस्पतालमा भएको आगलागीको यो घटना हृदयविदारक छ। यस दुर्घटनामा आफ्ना निर्दोष छोराछोरी गुमाएकाहरूको साथमा हामी सबै उभिएका छौं।"

मुख्यमन्त्री केजरीवालले भने, "सरकार र प्रशासनका अधिकारीहरू घटनास्थलमा नै घाइतेहरूको उपचारमा व्यस्त छन्। घटनाको कारणबारे अनुसन्धान भइरहेको छ र यो लापरवाहीका लागि जो कोही पनि जिम्मेवार छ, उसलाई छुट दिइनेछैन।"

दिल्लीका स्वास्थ्यमन्त्री सौरभ भारद्वाजले पनि घटनालाई गम्भीरतापूर्वक लिंदै कडा कदम चाल्ने आश्वासन दिएका छन्। उनले भने, "मैले स्वास्थ्य सचिवलाई वर्तमान स्थितिको बारेमा अद्यावधिक गर्न भनेको छु। दोषीलाई छुट दिइनेछैन। लापरवाही गर्ने वा कुनै पनि गलत कार्यमा संलग्न हुनेलाई कडाभन्दा कडा सजाय हुनेछ।"

अधिकारीहरूका अनुसार १२ जना बालबालिकालाई घटनास्थलबाट उद्धार गरिएको थियो। तीमध्ये एकजनाको घटनास्थलमा नै मृत्यु भइसकेको थियो।

आगलागीमा परी छ नवजात शिशुको मृत्यु भएको र अन्य पाँचजनालाई अस्पतालमा भर्ना गरिएको दिल्ली प्रहरीले जनाएको छ।

केयर सेन्टरका मालिक नवीन किची घटनापछि फरार रहेका छन्। दिल्ली प्रहरीका अनुसार उनीविरुद्ध धारा ३३६ र ३०४ 'ए' अन्तर्गत मुद्दा दर्ता गरिएको छ। रासस

## महिलामाथि लगाइएको प्रतिबन्धले बालविवाह बढ्ने

अफगानिस्तान, १३ जेठ/एएनआई

तालिबान सरकारले महिला र युवतीहरूमाथि लगाएको प्रतिबन्धले अफगानिस्तानमा बालविवाहको सङ्ख्या २५ प्रतिशतले बढ्ने संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

संयुक्त राष्ट्र महिला, आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) र अफगानिस्तानका लागि संयुक्त राष्ट्र सहायता कार्यक्रम (युएनएएमए)ले संयुक्त विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय समुदायसमक्ष अफगान महिलाहरूले सामना गर्ने मुद्दाले उनीहरूको मागहरू प्रस्तुत गरिएको छ।

विवरण अनुसार तालिबानले महिला तथा बालिकामाथि लगाएको प्रतिबन्धले बालविवाहमा २५ प्रतिशतले वृद्धि, प्रारम्भिक प्रसवमा ४५ प्रतिशतले वृद्धि र मातृमृत्युको जोखिम ५० प्रतिशतले बढ्नेछ। हाल ८२ प्रतिशत अफगानी महिलाहरूको मानसिक स्वास्थ्य खराब भएको विज्ञप्तिमा जनाइएको छ।

अफगानिस्तान विश्वको एकमात्र राष्ट्र हो, जसले केटीहरूलाई छैटौं कक्षाभन्दा माथि पढ्न प्रतिबन्ध लगाएको छ। टोलो न्यूज रिपोर्टका अनुसार अफगानी महिलाहरूलाई विश्वविद्यालयमा जान पनि प्रतिबन्ध लगाइएको छ।

संयुक्त राष्ट्रसङ्घका निकायहरूले जारी गरेको संयुक्त विवरण अनुसार तालिबानले लगाएको प्रतिबन्धका बावजूद अफगानी महिलाहरूले आफ्नो सम्मानपूर्वक बाँच्न पाउने अधिकारका लागि लड्न छोडेका छैनन्। विज्ञप्तिमा भनिएको छ, "अफगानी महिलाहरूले अझै पनि नागरिक समाज सङ्गठनहरू गठन गरिरहेका छन्, व्यवसायहरू चलाइरहेका छन् र अझै पनि आफ्ना समुदायहरूलाई सेवा प्रदान गरिरहेका छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा उनीहरू अन्तर्राष्ट्रिय समुदायमा आफ्ना मागहरू स्पष्ट पार्ने तरीकाहरू खोज्न तल्लीन छन्।"

संयुक्त राष्ट्रसङ्घ महिला, आइओएम र युएनएएमएको संयुक्त विज्ञप्तिमा अफगानी महिलाहरूले अन्तर्राष्ट्रिय समुदायसमक्ष शिक्षा र रोजगारको अधिकारसहित महिलाको अधिकार पुनः स्थापित गर्न आग्रह गरेका छन्।

यसैबीच, संसारसँग यी प्रतिबन्धहरूलाई सम्बोधन गर्ने नीति नभएको विश्लेषकहरूले बताएका छन्। "जबरजस्ती विवाहलाई केटीहरूलाई उनीहरूको शिक्षा जारी राख्नबाट रोक्ने अवरोधहरूको एउटा सानो अंश मान्न सकिन्छ, तर संयुक्त राष्ट्रसङ्घको महिला शाखाले दाबी गरे अनुसार त्यस्तो होइन। बालिकाहरूको शिक्षामा मुख्य र महत्त्वपूर्ण अवरोधबारे संयुक्त राष्ट्रसङ्घ, विश्वसनीय अन्तर्राष्ट्रिय संस्थाहरू र प्रमुख शक्तिहरू जानकार छन्, तर उनीहरूले यो विषय सम्बोधन गरिरहेका छैनन्। अफगानिस्तानका केटी र महिलाहरूबाट यो प्रतिबन्ध हटाउन उनीहरूसँग आधारभूत र सैद्धान्तिक नीति छैन," राजनीतिक विश्लेषक नेसर अहमद सेरजाईले भने।

"केटीहरूको शिक्षामा प्रतिबन्ध लगाइएपछि उनीहरूका परिवारले आफ्ना छोरीलाई अफगानिस्तानको सिद्धान्त र कानूनविपरीत न्यूनतम १६ वर्ष पूरा नगरी विवाह गर्न बाध्य गरिरहेका छन्," महिला अधिकारकर्मी सोराया पाइकनले भनिन्।

यस अघि अमेरिकासहित धेरै राष्ट्रले अफगानिस्तानमा महिलाविरुद्धको प्रतिबन्ध हटाउन आह्वान गर्नुका साथै महिला अधिकार सुनिश्चित नगरेसम्म तालिबानलाई औपचारिकरूपमा मान्यता नदिने बताएका थिए। रासस



**छपानविनाको रूख कटान कानूनविपरीत:** पथलैया–वीरगंज त्रिभुवन राजपथस्थित पथलैया सडकछेउमा रहेको एकमात्र हरियो ठाडो रूख। यो राजपथ विस्तारको क्रममा उक्त रूख छपान गर्न छुटेको थियो। एकमात्र सो रूख कटानका लागि वन ऐन, कानूनी प्रक्रिया पूरा गर्नुपर्ने भएकोले र सडक किनारमा नालामा परेकोले उक्त रूख कटान नगरी राखिएको छ। यसबाट के बुझिन्छ भने चाहे एकवटा रूख होस् वा धेरै। कानूनविपरीत काटेमा वन मुद्दा खेप्नुपर्ने भएकोले यो रूख सडकमा यसरी ठडिएको हो। यसबाट वन ऐन, कानून कति कडा छ भन्ने स्पष्ट सन्देश दिएको छ। तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

### अदालती ...

पटेर्वासुगौलीले आफ्नो क्षेत्रमा पर्ने जमुनिया नदीको उत्खनन कार्य ठेक्कामा लगाएपछि सोविरुद्ध अहिले सखुवाप्रसौनी लागिपरेको छ। आइतवारदेखि सखुवाप्रसौनी गापाका वडाध्यक्ष वासुदेव महतो थारूको नेतृत्वमा जमुनिया नदीसँगै रहेको जङ्गल क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन गरेर ढुवानी गर्ने टच्याक्टरहरूको निगरानी शुरू गरिएको छ। ठेकेदारले जारी गरेको छुट पुर्जीबमोजिम नदीजन्य पदार्थको उत्खनन भए नभएको बारेमा अहिले स्थानीयले कडाइका साथ निगरानी शुरू गरेका छन्। उनीहरूले एउटै रसिदबाट दुई/तीन पटक ढुवानी गर्ने गरेको र रसिदमा केरमेट गर्ने गरेको गुनासाहरू आएपछि स्थानीय दीपेन्द्र कँडेलसहितका युवाहरूले नदीजन्य पदार्थ लोड तीनवटा टच्याक्टर प्रहरी चौकी रङ्गपुरटाँडीलाई बुझाएका छन्।

ठेक्का लिएको शिवशक्ति निर्माण सेवाका हरिलाल पटेलले रसिदका दुईवटा ठेली भएका कारण त्रुटि भएको स्वीकारे। स्थानीयहरूले आजदेखि नदीजन्य पदार्थ उत्खनन गरी ढुवानी गर्ने टच्याक्टरहरूको नियमित चेकजाँच शुरू गरेका छन् र दरपीठ गरेर नियमसङ्गत उत्खनन गराउनेतर्फ अग्रसरता देखाएका छन्।

पटेर्वासुगौली गापा अध्यक्ष दिनेश चौधरीले अदालतबाट फैसला भएपनि सोको प्रतिलिपि उतार गरी ल्याउन समय लागेकोले ढिलो गरी ठेक्का लागेको बताए। उनले जिपिएस प्रणालीबाट आफ्नो क्षेत्र निर्धारण गरेर २३ दिनकै लागि ठेक्का गरेर गापाको खातामा सवा चार लाख आएको बताए।

यता, सखुवाप्रसौनी गापाका अध्यक्ष यशवन्त यादवले तत्कालीन प्रमुख प्रशासकीय अधिकृतको बदमाशीका कारण अदालतले पटेर्वासुगौलीको हकमा फैसला गरेको बताए। उनले दुवै गापा भएर बग्ने नदीबाट उठ्ने राजस्व दुवै गापाबीच समान बाँडफाँट हुनुपर्नेमा त्यसो नभएको र पटेर्वासुगौलीले एकतर्फी ठेक्का लगाएपछि आफूहरू अदालत गएको बताए। २०७४ सालमा विवाद हुँदा सखुवाप्रसौनीले ६५ प्रतिशत र पटेर्वासुगौलीले ३५ प्रतिशत हकदाबी पाउने निर्णय भएको थियो। सोअनुरूप पटेर्वासुगौलीले ठेक्का लगाएको तर सखुवाप्रसौनीलाई दिनुपर्ने राजस्व दायित्व दिएको थिएन। दुवै गापाले नदीमा आफ्नो एकाधिकार जनाउँदै अदालतमा मुद्दा दिएका थिए। सोही मुद्दामा पाँच महीनाअघि अदालतले आआफ्नो हकभोगको नदी क्षेत्रमा हकअधिकार जनाउन आदेश गरेको थियो।

### तीन दिन ...

गरेको बताए। आज गर्मीका कारण एकजना छात्राले बान्ता गरेको उनले बताए। त्यस्तै, गर्मीको समयमा भोल्टेज अपडाउन हुने तथा लोडसेडिङको कारण झनै समस्या भएको उनले बताए। विशेषगरी मध्याह्न १२ बजे बिदा भएपछि टाढाटाढाबाट आएका विद्यार्थीहरूलाई घर फर्किन समस्या भएको उनले बताए।

नेरामावि रङ्गपुरका एकजना शिक्षकले हरेक कक्षाकोठामा सयभन्दा बढी विद्यार्थी हुने गरेको र उनीहरूको लागि दुईवटा पङ्खा मात्र रहँदा पठनपाठन अस्तव्यस्त भएको बताए।

यसैगरी, ग्रामीण भेगका कतिपय विद्यालयमा हालसम्म विद्युतीय मिटरसमेत जडान भएका छैनन्। जसका कारण पङ्खासमेत जडान नभएको शिक्षकहरूले गुनासो गरेका छन्। यसैबीच, मौसम पूर्वानुमान महाशाखाले अझै केही दिन तराईमा अत्यधिक गर्मी बढ्ने भन्दै सोबाट जोगिन सतर्कता अपनाउन अनुरोध गरेको छ। महाशाखाले आइतवार तातो दिन तथा तातो लहरसम्बन्धी विशेष बुलेटिन प्रकाशित गरी आगामी तीन दिनसम्म तराईको भूभागमा तातो हावा र तातो लहरको सम्भावना रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ। महाशाखाले विगत केही दिनदेखि तराईमा ४० डिग्री सेल्सियसभन्दा बढी मापन गरिएको र यो क्रममा तातो हावा र लहरबाट थकाइ लाग्ने, कमजोरी हुने, तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउडिने, चक्कर आउने, बेहोश हुने, मांसपेशी दुख्ने, बान्ता हुनेलगायतका समस्या हुने भन्दै सो सम्बन्धमा सतर्कता अपनाउँदै घरभित्रै चीसो स्थानमा बस्न अनुरोध गरेको छ।

मौसम पूर्वानुमान महाशाखाले यो अवधिमा बाहिरी वातावरणमा नजान, घाममा नहिंड्न, हलुका सुतीको कपडा लगाउन र बाहिर निस्कँदा टाउको छोप्न र अत्यधिक मात्रामा पानीलगायत झोलिलो पदार्थ सेवन गर्न आग्रह गरेको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – ईश्वरभक्ति | वृष – अलमल |
| मिथुन – नारीसुख | कर्कट – आर्थिककष्ट |
| सिंह – नारीसुख | कन्या – अलमल |
| तुला – खिन्नता | वृश्चिक – वाहनकष्ट |
| धनु – मित्रमिलन | मकर – व्यर्थभ्रमण |
| कुम्भ – प्रसन्नता | मीन – पदोन्नति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**सिमरा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति**

जीतपुरसिमरा उपमनपा-१, सिमरा, बारा, फोन नं.: ०५३-५२०५०३

**दरभाउ पेश गर्नेसम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यस समितिको मिति २०८१/०२/०५ गते बसेको कार्यसमितिको बैठकको निर्णय अनुसार यस समितिलाई आवश्यक तपसिल बमोजिमका सामानहरू खरीद गर्नुपर्ने हुँदा दरभाउपत्र माग गरिएको जानकारी गराइन्छ।

**तपसिल**

१. जेनेरेटर ६२.५ केभिएको १ थान
२. पम्प मोटर २५ एचपीको २ थान
३. पम्प मोटर ३० एचपीको २ थान
४. स्विच भल्ब १६० एमएमको २ थान
५. स्विच भल्ब १४० एमएमको २ थान
६. स्विच भल्ब ११० एमएमको २ थान
७. पम्पघर ५ वटा र ओभरहेड टङ्की १ वटामा जिआई अर्थिङ गराउनको लागि सामानसहित।

**कासिम हुसेन (अध्यक्ष)**

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



पर्सा र बाराको तापक्रम बढेपछि दैनिक जनजीवन निकै कष्टकर भएको छ। शारीरिक बलबाट चलाउनुपर्ने रिक्शाचालकहरूलाई यतिबेला निकै अप्ठेरो पर्ने गरेको छ। शुक्रवार वीरगंजको माईस्थान क्षेत्र वरपर रिक्शामा विश्राम गर्दै दुई चालकहरू। तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

# नेपालमा रामराज्य व्यवस्था आवश्यक –थापा

प्रस, वीरगंज, १३ जेठ/

रामराज्य परिषद्का अध्यक्ष जगतबहादुर थापाले नेपालमा रामराज्य व्यवस्था आवश्यक रहेको बताएका छन्।



तस्वीरः प्रतीक

आइतवार वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा उनले प्रत्येक नेपाली राजनीतिक हैसियतमा निर्णायक, आर्थिक हैसियतमा सम्पन्न, सामाजिक हैसियतमा सम्मानित, सांस्कृतिक हैसियतमा लोकप्रिय, धार्मिक हैसियतमा वैदिक धर्म सापेक्षवाद र नागरिकको हैसियतमा देशभक्त, स्वाभिमानी, राष्ट्रवादी बन्नुपर्ने बताए।

उनले नेपाल सदैव ऋषिभूमि, ज्ञानभूमि, पुण्यभूमिको रूपमा हुनुपर्ने बताए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


## सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाऔं

- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं,
- लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गरौं,
- राज्यलाई जनताप्रति उत्तरदायी बनाऔं,
- कानूनी शासन सुनिश्चित गरौं,
- व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको सम्मान गरौं,
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं,
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं,
- गणतन्त्रलाई जीवनशैली र संस्कारको रूपमा अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## काठ बरामद

प्रमोद यादव, पंचगावाँ, १३ जेठ/

पटेर्वासुगौली गाउँपालिका–२ विश्राम टोलबाट वन कर्मचारीले सालको गोलिया बरामद गरेको छ।



तस्वीरः प्रतीक

आइतवार बिहान सबडिभिजन वन कार्यालय रङ्गपुरटाँडीका जमदार अर्जुन चौधरी नेतृत्वको वन गस्ती टोलीले सालको गोलिया बरामद गरी सबडिभिजन वन कार्यालय रङ्गपुरमा राखेको छ। सो क्षेत्रमा रहेका काठ तस्करहरूले सालको रूख कटान गरी देउरवाना र प्रसौनीको समिल र फर्निचर उद्योगमा बिक्री गर्ने गरेको स्थानीयले बताएका छन्।






# खेलकूदको संसार

## जिल्ला लिग फूटबल प्रतियोगिता : दुवै टिमले एक/एक अङ्क बाँडे

प्रस, वीरगंज, १३ जेठ/

वीरगंजमा जारी जिल्ला लिग फूटबल प्रतियोगिता अन्तर्गत आइतवार सम्पन्न दोस्रो दिनको खेलमा सगरमाथा युवा क्लब, बगही र शक्ति युवा क्लब, परवानीपुरले बराबरीमा खेल सम्पन्न गरे।



तस्वीरः प्रतीक

पर्सा जिल्ला फूटबल सङ्घको आयोजनामा आदर्शनगर खेलमैदानमा भएको खेलमा शक्ति युवा क्लब र सगरमाथा युवा क्लबले एक/एक गोलको बराबरी खेलेका हुन्।

मध्यान्तर अघि शक्ति युवा क्लबका विशाल ढुङ्गेलले गोल गरेका थिए। खेल शुरू भएको केहीबेरमैं ढुङ्गेलले पहिलो गोल गरेर टीमलाई अग्रता दिलाएका थिए। मध्यान्तर हुनु अघि अन्तिम समयमा सगरमाथाका क्षितिज तामाङले एक गोल गरी खेल बराबरीमा पुऱ्याएका थिए। त्यसपछि खेलको बाँकी अवधिमा दुवै टीमले गोल गर्न सकेनन्।

यस खेलको 'म्यान अफ दी म्या'च सगरमाथा युवा क्लबका क्षितिज तामाङ घोषित भए। आगामी जेठ २६ गतेसम्म जारी रहने प्रतियोगितामा जिल्लाका १३ वटा क्लब सहभागी भएका आयोजक क्लबका महासचिव विनोद परियारले बताए। भोलि सोमवारको खेल लालीगुराँस युथ क्लब, बिर्ता र ग्यालेक्सी युवा क्लब, पिपराबीच हुने महासचिव परियारले बताए।

## नेपाल पुरुष फ्रेन्चाइजी भलिबल लिगका लागि सम्झौता

काठमाडौं, १३ जेठ/ रासस

नेपाल भलिबल सङ्घ र केडिया अर्गनाइजेशन प्रालिबीच नेपाल पुरुष भलिबल फ्रेन्चाइजी लिगको आयोजन गर्ने विषयमा सम्झौता भएको छ।

नेपाल भलिबल सङ्घका अध्यक्ष जीतेन्द्रबहादुर चन्द र केडिया अर्गनाइजेशन प्रालिका प्रबन्ध निर्देशक विमलकुमार केडियाले सोमवार पुरुष फ्रेन्चाइजी लिग आयोजना गर्ने विषयमा हस्ताक्षर गरे। उक्त सम्झौता सात वर्षका लागि हुनेछ। सझौता अनुसार केडिया अर्गनाइजेशनले प्रत्येक वर्ष भलिबल सङ्घलाई रु ३५ लाख उपलब्ध गराउनेछ।




तस्वीरः रासस

नेपाल भलिबल सङ्घले नेपालमा पहिलोपटक पुरुष फ्रेन्चाइजी लिग गर्न प्रयास गरेको सङ्घका अध्यक्ष चन्दले बताए। उनले उक्त प्रतियोगिता आगामी माघ/फागुन महीनामा आयोजना गर्ने बताउँदै उक्त प्रतियोगितको सम्पूर्ण व्यवस्थापन केडिया अर्गनाइजेशनले गर्ने उल्लेख गरे। होम एन्ड अवेका आधारमा खेलाइने उक्त प्रतियोगितामा विभिन्न सात टोलीलाई सहभागी गराइने तयारी रहेको आयोजकले जनाएको छ।

त्यसैगरी, केडिया अर्गनाइजेशनका प्रबन्ध निर्देशक केडियाले भलिबल खेलको विकासका लागि सदैव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै भलिबल राष्ट्रिय खेल भएकोले यसको विकास र विस्तार हुनुपर्नेमा जोड दिए।

## सिटिजन्स बैंकद्वारा मन्दिरलाई सहयोग



प्रस, वीरगंज, १३ वैशाख/

सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको श्रीकृष्ण प्रणामी चोक शाखाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वीरगंज महानगरपालिका वडा नं १६ स्थित लक्ष्मीनारायण मन्दिर सञ्चालक समितिलाई सहयोग प्रदान गरेको छ।

सहयोग अन्तर्गत बैंकले सो मन्दिर सञ्चालक समितिका अध्यक्ष विजयकुमार सिंह बस्नेतलाई २५ वटा कुर्सी र एक थान स्पिकर प्रदान गरेको छ। बैंकको मधेस प्रदेश प्रमुख नितेश खड्गी, क्लस्टर प्रमुख सन्नी खतिवडा र शाखा प्रमुख प्रशान्तकुमार कर्णले सहयोग सामग्री हस्तान्तरण गरेका थिए।

## सर्लाहीमा हात्तीले आतङ्क मचायो



तस्वीरः प्रतीक

नितेश कर्ण, वीरगंज, १३ जेठ/

सर्लाहीको हरिपुर नगरपालिका–२ सखुहवा क्षेत्रमा दुईवटा हात्तीले आतङ्क मचाएको छ। किसानले लगाएको मकैबालीलगायत अन्य बाली चरेर क्षति पुऱ्याएको स्थानीय किसान ध्रुव प्रसाईंले बताए। हात्तीले कुशहरि प्रसाईं, कमल बुढाथोकी, हीरा बराल, केदार बुढाथोकी, वासु हुमागाईं, कृष्ण दाहाललगायतको बालीमा क्षति पुऱ्याएको उनले बताए।

नीलकमल सामुदायिक वन र गौरीशङ्कर सामुदायिक वन तथा हरियाली सामुदायिक वनमा हात्ती दिनभरि बस्ने र रात परेपछि गाउँमा पसेर किसानले लगाएको बाली चर्ने गरेको किसान प्रसाईंले बताए।

## वृद्धवृद्धा आश्रमलाई खाद्यान्न सहयोग




तस्वीरः सौजन्य

प्रस, वीरगंज, १३ जेठ/

उपकार सेवा नेपालले ठोरी गाउँपालिका–१ भगवाननगरस्थित वृद्धवृद्धा आश्रमलाई खाद्यान्न सहयोग गरेको छ।

वृद्धाश्रममा आश्रित २३ जना अपाङ्ग, सुस्त मनस्थिति, वृद्धवृद्धा तथा बालबालिकाहरूको लागि दाल, चामल, नून, तेल, चिउरा, चाउचाउ, बिस्कुट, सर्फ, साबुन, डाइपर, सेनेटरी प्याडलगायत सामग्री संस्थाकी अध्यक्ष विद्याकुमारी सरावगीले आश्रमका सदस्य रामबहादुर थिङलाई हस्तान्तरण गरिन्। कार्यक्रममा अध्यक्ष सरावगीले वृद्धाश्रमलाई थप सहयोग गर्ने बताएकी थिइन्।

### विद्यार्थी ...

उल्लेख गरिएको छ। यसैगरी कक्षा १ मा खुद भर्नादर ९५ दशमलव सात तथा आधारभूत तह (१–५)मा ९५ दशमलव ५ र कक्षा १–८ मा ९५ दशमलव एक प्रतिशत रहेको छ। गत फागुनसम्ममा पूर्ण साक्षर घोषणा भएका जिल्लाको प्रतिशत ६४ पुगेको छ।

आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान आठ दशमलव पाँच प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा आठ दशमलव तीन प्रतिशत रहेको थियो। यस अवधिमा शिक्षा क्षेत्रको कुल मूल्यवृद्धि दुई दशमलव सात प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्षमा तीन दशमलव नौ प्रतिशत रहेको थियो।